जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com






वर्ष २८ • अंक ११७ • २०८३ साल भाद्र २९ गते सोमबार (14 September, Monday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-


## वीरगञ्जको मुख्य सडक विस्तार अन्तिम चरणमा



**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्ज महानगरपालिकाको मुख्य सडक विस्तारको काम अन्तिम चरणमा पुगेको जनाइएको छ । सडक डिभिजन कार्यालयले बाँकी संरचना हटाएर भोलि सोमबारसम्ममा सडक विस्तारको काम सम्पन्न गर्ने तयारी गरेको छ।

हेटौंडास्थित सडक डिभिजन कार्यालय इञ्जिनियर तथा वीरगञ्जका लागि तोकिएका प्रतिनिधि दुर्गाप्रसादले नेपाल टेलिकमको भवन र माइस्थान नजिकै सडक विस्तारका क्रममा उत्पन्न विवाद आइतबार समाधानपछि सोमबारसम्ममा काम सम्पन्न गर्ने लक्ष्य रहेको जनाएका छन् । उनका अनुसार नापजाँचको कामसमेत एक साताभित्र पूरा गर्ने योजना छ।

उनले सडक सीमाभित्र रहेका अधिकांश संरचना हटाइसकिएको र बाँकी संरचना हटाउने काम तीव्र गतिमा भइरहेको बताए । अहिले सिद्धार्थ बैंक, पमपम बिल्डिङ र हनुमान मन्दिर पछाडिका केही संरचना हटाउने काम भइरहेको उनले बताए।

सडक विस्तारका क्रममा घरधनीले आंशिक रूपमा मात्रै संरचना भत्काएका कारण अधुरा रहेका संरचना हटाउने कामसमेत तीव्र गतिमा भइरहेको उनले बताए।

सडक डिभिजन कार्यालयले पहिलो चरणमा गत वैशाख ६ र ७ गते मुख्य सडकको दायाँ-बायाँ २५-२५ मिटरभित्र पर्ने करिब एक हजार २०० घर तथा भवनका अगाडिका भाग डोजर प्रयोग गरी हटाएको थियो । सडक विस्तारका लागि उत्तरतर्फ गण्डक क्षेत्रबाट र दक्षिणतर्फ मितेरी पुलबाट एकैसाथ आधा दर्जनभन्दा बढी डोजर परिचालन गरिएको थियो।

सडक सीमाभित्र परेका संरचना २५ दिनभित्र आफैँ हटाउन सम्बन्धित घरधनीलाई आग्रह गरिएको थियो । तोकिएको समयसीमाभित्र धेरै संरचना नहटाइएपछि सडक डिभिजन कार्यालयले गत असार २० गतेदेखि पुनः डोजर परिचालन गरी दोस्रो चरणको अभियान शुरु गरेको इञ्जिनियर दुर्गाप्रसादले बताए।

## शिक्षा क्षेत्रमा अवसरसँगै चुनौती

# मधेशमा इञ्जिनियरिङ क्याम्पस खोल्ने सरकारको तयारी

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा इञ्जिनियरिङ अध्ययन संस्थान (आईओई) अन्तर्गत नयाँ क्याम्पस स्थापना गर्ने संघीय सरकारको तयारीसँगै जनकपुरधामको बसहियामा लामो समयदेखि प्रयोगविहीन अवस्थामा रहेको निलार्जुन इञ्जिनियरिङ कलेजको भवन पुनः प्रयोग गर्ने विषयमा बहस शुरु भएको छ।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले मधेश प्रदेशमा प्राविधिक शिक्षाको पहुँच विस्तार गर्न त्रिभुवन विश्वविद्यालय अन्तर्गत इञ्जिनियरिङ अध्ययन संस्थान (आईओई) को नयाँ क्याम्पस स्थापना गर्ने तयारी भइरहेको बताएका छन् । उनका अनुसार इञ्जिनियरिङ अध्ययनका लागि मधेश प्रदेशका विद्यार्थीले काठमाण्डु तथा अन्य प्रदेशमा जानुपर्ने बाध्यता अन्त्य गर्ने उद्देश्यले क्याम्पस स्थापना गर्न लागिएको छ।

मधेश प्रदेशबाट प्रत्येक वर्ष ठूलो संख्यामा विद्यार्थी इञ्जिनियरिङ अध्ययनका लागि काठमाण्डुलगायत देशका विभिन्न सहरमा जाने गरेका छन् । प्रदेशमै गुणस्तरीय इञ्जिनियरिङ शिक्षा उपलब्ध नहुँदा विद्यार्थी तथा अभिभावकले अतिरिक्त शुल्क, आवास, यातायात र दैनिक जीवनयापनलगायतका खर्च व्यहोर्नुपर्ने अवस्था छ। नयाँ क्याम्पस स्थापना भएपछि यस्तो आर्थिक तथा व्यावहारिक बोझ स्वतः कम हुने छ।

मन्त्री पोखरेलले जनाए अनुसार क्याम्पस स्थापनाका लागि उपयुक्त स्थान छनोट गर्ने प्रक्रिया अघि बढाइएको छ। यसका लागि विशेष अध्ययन समिति गठन गरिने र समितिले दिने प्रतिवेदनका आधारमा क्याम्पस स्थापनाको स्थान तय गरिनेछ । क्याम्पस निर्माण तथा सञ्चालनको निश्चित समयसीमा अहिलेसम्म तय नभए पनि आगामी तीन वर्षभित्र




पठनपाठन सुरु गर्ने गरी आन्तरिक तयारी भइरहेको उनले बताएका छन्।

सरकारले प्रस्तावित इञ्जिनियरिङ क्याम्पसलाई परम्परागत रूपमा कक्षा सञ्चालनमा मात्र सीमित नराखी अनुसन्धान, नवप्रवर्तन र व्यावहारिक शिक्षाको केन्द्रका रूपमा विकास गर्ने योजना अघि सारेको जनाएको छ।

हाल त्रिभुवन विश्वविद्यालय अन्तर्गत इञ्जिनियरिङ अध्ययन संस्थानका आंगिक क्याम्पसहरू पुल्चोक, थापाथली, धरान, चितवन र पोखरामा सञ्चालनमा छन्। मधेश प्रदेशमा नयाँ आंगिक क्याम्पस स्थापना भएमा देशका विभिन्न भौगोलिक क्षेत्रमा इञ्जिनियरिङ शिक्षाको पहुँच विस्तार हुनुका साथै मधेशका विद्यार्थीलाई आफ्नै प्रदेशमा अध्ययन गर्ने अवसर प्राप्त हुनेछ। सरकारले मधेशमा इञ्जिनियरिङ क्याम्पस स्थापना गर्ने तयारी थालेपछि जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २४ मा पर्ने बसहियामा दुई दशकअघि स्थापना गरिएको निलार्जुन इञ्जिनियरिङ कलेजको विषय पनि पुनः चर्चामा आएको छ।

स्थानीय युवालाई आफ्नै क्षेत्रमा इञ्जिनियरिङ शिक्षा उपलब्ध गराउने उद्देश्यले स्थापना गरिएको उक्त कलेज केही वर्ष सञ्चालनपछि विवाद र आन्दोलनका कारण प्रभावित भएको र पछि कलेजको सञ्चालन काठमाण्डुमा केन्द्रित भएको स्थानीयवासी बताउँछन्।

हाल बसहियामा रहेको सो कलेजको भवन लामो समयदेखि प्रयोगविहीन अवस्थामा रहेको स्थानीयको भनाइ छ। जनकपुरधाम वडा नम्बर २४ का जितेन्द्र साहले सम्बन्धित निकायको बेवास्ताका कारण महत्वपूर्ण शैक्षिक पूर्वाधार लामो समयदेखि उपयोगविहीन अवस्थामा रहेकाले सोही भवनलाई प्रयोगमा ल्याइ कलेज सञ्चालन ल्याउन माग गरेका छन्।

मधेशमा नयाँ इञ्जिनियरिङ क्याम्पस स्थापना गर्ने सरकारको योजना अन्तर्गत उक्त भवन तथा पूर्वाधारको सम्भाव्यता अध्ययन गर्न माग गरेका छन्। जनकपुरधाम वडा नम्बर १० का किसन मण्डलले नयाँ संरचना निर्माणमा ठूलो रकम खर्च गर्नुको सट्टा उपलब्ध पूर्वाधारको प्राविधिक तथा कानुनी अवस्था अध्ययन गरी उपयोग गर्न सकिए राज्यको लगानीसमेत बचत हुने बताउँछन्।

स्थानीयका अनुसार निलार्जुन इञ्जिनियरिङ कलेज स्थापना गरिएको जग्गा गुठी संस्थानसँग सम्बन्धित छ। त्यसैले सो भवन तथा जग्गाको स्वामित्व, कानुनी अवस्था र प्रयोगसम्बन्धी विषय अध्ययन गरेर उपयुक्त कानुनी प्रक्रियामार्फत त्यसलाई सार्वजनिक शैक्षिक प्रयोजनमा उपयोग गर्न सकिने स्थानीयको भनाइ छ।

आर्थिक रूपमा विपन्न, गरिब तथा सीमान्तकृत समुदायका विद्यार्थीलाई लक्षित गर्दै क्याम्पस सञ्चालन गर्न सके त्यसबाट मधेशका ठूलो संख्याका विद्यार्थी लाभान्वित हुने उनको भनाइ छ। प्रदेशमै इञ्जिनियरिङ शिक्षा उपलब्ध हुँदा विद्यार्थीलाई काठमाडौँ वा अन्य सहरमा गएर महँगो शुल्कमा कोठा भाडामा लिएर बस्नुपर्ने बाध्यता पनि कम हुने स्थानीयको भनाइ छ।

मधेशमा आईओईको नयाँ क्याम्पस स्थापना घोषणा गरेर मात्र उद्देश्य पूरा नहुने भएकाले गुणस्तरीय शिक्षक, प्रयोगशाला, आधुनिक उपकरण, अनुसन्धानका लागि आवश्यक बजेट र दक्ष जनशक्तिको सुनिश्चितता गर्नुपर्ने उनीहरूको सुझाव छ।

## बाल दिवस

# भोटेकोशी प्रलयले आमाबुवा गुमाएका बालबालिकाको विजोग

**टुडे समाचारदाता**

जनकपुरधाम । रसुवास्थित भोटेकोशीमा आएको बाढीपछि नुवाकोट, रसुवा र धादिङका विभिन्न होल्डिङ सेन्टरमा रहेका १ हजार २ सय ३३ बालबालिकामध्ये १०२ जनाले आमा र बुवा दुवै गुमाएका छन् । राष्ट्रिय बालअधिकार परिषद्ले गरेको 'बाढी प्रभावित बालबालिकाको अवस्था तथा आवश्यकता सम्बन्धी द्रुत लेखाजोखा' प्रतिवेदनअनुसार तीमध्ये ४९ जना बालिका र ५३ जना बालक छन्।

आमाबुवा दुवै गुमाएका बालबालिका अहिले विभिन्न होल्डिङ सेन्टरमा बसिरहेका छन्। उनीहरू डराउने, रुने, चिच्याउने र एक्लै टोलाउने गरे पनि सम्झाउने, अँगालो हाल्ने तथा मनोसामाजिक रूपमा साथ दिने पर्याप्त जनशक्ति र व्यवस्था छैन। परिषद्को अध्ययनले अभिभावक गुमाएका, परिवारबाट छुट्टिएका वा सम्पर्कविहीन भएका बालबालिकामा डर, तनाव र असुरक्षाको भावना बढ्दै गएको देखाएको छ।

कतिपय बालबालिका सानोसानो कुरामा पनि डराउने, झस्किने र अत्यधिक तनाव लिने अवस्थामा छन्। तर, अधिकांश होल्डिङ सेन्टरमा नियमित मनोसामाजिक परामर्श, खेलकुद तथा बालमैत्री संवाद सञ्चालन हुन सकेको छैन।

बाढीपछि ४३९ जना बालबालिका आमाबुवाबाट छुट्टिएका छन्। तीमध्ये २२२ जना बालिका र २१७ जना बालक छन्। उनीहरू सामूहिक रूपमा एउटै हलमा बसिरहेका छन्। तर, नियमित खाना, सरसफाइ र दैनिक हेरचाहसमेत पर्याप्त नभएको प्रतिवेदनमा उल्लेख छ।

विपत्का बेला अभिभावक गुमाएका, कम उमेरका तथा अपांगता भएका बालबालिकालाई



थप विशेष हेरचाह आवश्यक भए पनि होल्डिङ सेन्टरमा उनीहरूका आवश्यकता सम्बोधन हुन सकेका छैनन् । अपांगता भएका २१ जना बालबालिकाले आवतजावत गर्ने बाटो, शौचालय तथा अन्य संरचना अपांगतामैत्री नहुँदा समस्या भोगिरहेका छन्।

परिषद्का अनुसार अपर्याप्त हेरचाह, पारिवारिक तनाव र कमजोर निगरानीका कारण बालबालिका हिंसा तथा दुर्व्यवहारमा पर्न सक्ने जोखिमसमेत बढेको छ। भीडभाडयुक्त आवास, सीमित व्यक्तिगत स्थान र साझा शौचालय तथा स्नानगृहका कारण बालबालिका, महिला, किशोरी तथा अपांगता भएका व्यक्तिहरू थप समस्यामा छन्।

कतिपय बालबालरसुवाको उत्तरगया गाउँपालिकाका मात्रै ५७ जना बालबालिकाले अभिभावक गुमाएको विवरणिकाको अवस्थाबारे अझै जानकारी छैन।

रसुवाको उत्तरगया गाउँपालिकाका मात्रै ५७ जना बालबालिकाले अभिभावक गुमाएको विवरण छ । तर, उनीहरूमध्ये कतिपय होल्डिङ सेन्टरमा भेटिएका छैनन् र अहिले कहाँ छन् भन्ने जानकारीसमेत स्पष्ट छैन । उत्तरगया क्षेत्रबाट कम्तीमा २०० बालबालिका हराइरहेको स्थानीय विवरणसमेत परिषद्ले प्राप्त गरेको छ।

आमाछोदिङमो गाउँपालिकामा अस्थायी शिविर नरहेको र बाढी प्रभावितलाई काठमाण्डुका गुम्बामा लगिएको बताइएको छ । त्यहाँबाट ६७ जना बालबालिका काठमाण्डु ल्याइएको विवरण प्राप्त भए पनि कति बालबालिका हराए, कति भेटिए र कतिले अभिभावक गुमाए भन्ने यकिन तथ्यांक छैन। गोसाइँकुण्ड गाउँपालिकाबाट पनि बाढी प्रभावितलाई काठमाडौंका गुम्बामा लगिएको बताइए पनि बालबालिकाको संख्या स्पष्ट छैन।

नुवाकोटको विदुर नगरपालिकाका होल्डिङ सेन्टरमा ६१४ जना बालबालिका छन् । तीमध्ये २७ जनाले आमाबुवा दुवै गुमाएका छन् भने २०३ जना बाढीका कारण अभिभावकबाट छुट्टिएका छन् । बेलकोटगढीमा ५२ जना बालबालिका आमाबुवाबिना बसिरहेका छन् । किस्पाङका १८ जना अभिभावकविहीन बालबालिकालाई भने आफन्तको जिम्मा लगाइएको छ।


होल्डिङ सेन्टरमा रहेका बालबालिकाको पहिचान, उनीहरू कहाँबाट आएका हुन् र अभिभावक कहाँ छन् भन्ने विवरण व्यवस्थित रूपमा नराखिएको परिषद्को अध्ययनले देखाएको छ । रातिको समयमा समेत अपरिचित व्यक्तिहरू आउने-जाने भए पनि उनीहरूको अभिलेख राख्ने अभ्यास कतिपय केन्द्रमा छैन।

घरबारविहीनता, परिवारको आर्थिक संकट, अभिभावकको मृत्यु वा विछोड तथा विद्यालय नियमित सञ्चालन नहुँदा बालविवाह, बालश्रम, बेचबिखन तथा ओसारपसारको जोखिम बढेको प्रतिवेदनले औँल्याएको छ । अपरिचित व्यक्तिले शिक्षा, रोजगारी वा सुरक्षित बसोबासको प्रलोभन देखाएर बालबालिका तथा किशोरीलाई अन्यत्र लैजान सक्ने जोखिमसमेत रहेको छ।


नेपाल संरक्षण विषयगत क्षेत्रको प्रारम्भिक अनुमानअनुसार रसुवा, नुवाकोट र धादिङमा मात्रै कम्तीमा १७ हजार बालबालिकालाई संरक्षणको आवश्यकता छ। युनिसेफको अवस्थासम्बन्धी प्रतिवेदनले बाढीबाट २२ हजार १ सयभन्दा बढी बालबालिका प्रभावित भएको जनाएको छ।

परिषद्ले अभिभावक गुमाएका, परिवारबाट अलग भएका, अभिभावक बेपत्ता भएका तथा आफन्तको संरक्षणमा रहेका बालबालिकाको छुट्टै पहिचान गरी तत्काल संरक्षण र व्यवस्थापन गर्न सुझाव दिएको छ। परिवारसँग पुनर्मिलन सम्भव नभएकालाई बालबालिकाको सर्वोत्तम हितअनुसार सुरक्षित अस्थायी संरक्षण तथा वैकल्पिक हेरचाहको व्यवस्था गर्न पनि सिफारिस गरिएको छ।

यसबीच बागमती प्रदेश सरकारले बाढीका कारण अभिभावक गुमाएका बालबालिकालाई कक्षा १२ सम्म निःशुल्क आवासीय शिक्षा दिने निर्णय गरेको छ। बालबालिकाको क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाले पनि प्रभावित क्षेत्रमा मनोसामाजिक परामर्श, खाद्यान्न, आवास तथा संरक्षणका कार्यक्रम सञ्चालन गरिरहेका छन्।

## भोटेकोशी बाढीः
# अठार विद्यालयमा क्षति



काठमाण्डु।भोटेकोशीबाढीबाट रसुवा, नुवाकोट र धादिङका १८ वटा विद्यालय प्रभावित भएका छन् । तीमध्ये ११ वटा पूर्ण रुपमा क्षतिग्रस्त हुँदा रु ९३ करोड ७३ लाख बराबरको हानि भएको छ।

राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको द्रुत क्षति र मूल्याङ्कन (आरडिएनए) प्रतिवेदनमा विद्यालयका भवन, शैक्षिक सम्पत्ति गरी उक्त परिमाणमा क्षति भएको हो ।

प्रतिवेदनअनुसार १८ वटा विद्यालयका ५६ वटा भवन प्रभावित भएका छन् । जसमध्ये १५२ वटा कोठामा आंशिक र १५६ वटामा पूर्ण रुपमा क्षति पुगेको छ।

स्थानीय तहअनुसार रसुवाको गोसाइँकुण्ड गाउँपालिकामा एउटा विद्यालय प्रभावित भएको छ । उक्त विद्यालयका दुई वटा भवनका ११ वटा कोठा पूर्ण रुपमा क्षतिग्रस्त भएका छन् । मूल्यका हिसाबले यो रु ३.७५ करोड बराबरको क्षति हो ।

रसुवाकै उत्तरगया गाउँपालिकामा रहेका तीन वटा विद्यालयका ६ वटा भवनमा ३६ वटा कोठा पूर्ण रुपमा क्षतिग्रस्त भएका छन् । यो करिब रु १२.२९ करोड बराबरको क्षति हो ।

नुवाकोटको विदुर नगरपालिकामा रहेका नौ वटा विद्यालय प्रभावित भएका छन् । विद्यालयमा ३२ वटा भवनमा क्षति पुगेकामा ६१ वटा कोठा आंशिक र ८९ वटा कोठा पूर्ण रुपमा क्षतिग्रस्त भएका छन् । जुन रु ३६.६२ करोड बराबर हो ।

धादिङको गल्छी गाउँपालिकाका तीन वटा विद्यालय प्रभावित भएका छन् । जसमध्ये १० वटा भवनका ७७ वटा कोठा आंशिक र आठ वटा कोठा पूर्ण रुपमा क्षतिग्रस्त भएका छन् । जुन रु १०.६१ करोड बराबरको क्षति हो । सोही जिल्लाको बेनिघाट रोराङ गाउँपालिकामा एउटा विद्यालय प्रभावित भएको छ । उक्त विद्यालयको दुई वटा भवनका १२ वटा कोठा पूर्ण रुपमा क्षति भएका छन् । जुन रु ४.१ करोड बराबरको क्षति हो ।

जिल्लाको सिद्धलेक गाउँपालिकामा एउटा विद्यालय चार वटा भवनका १४ वटा कोठामा आंशिक क्षति पुगेको छ ।रासस

# देउडामा गुञ्जियो 'आत्महत्या होइन, जीवन रोजौँ' भन्ने सन्देश

रायल । *'पापी मन बुझाउनाखी आफैँ जान्दो रैछ,*
*सबैभन्दा ठूलो बिराम चिन्ता मान्नु रैछ ।'*

देउडाको मौलिक भाकामा यी हरफ गुञ्जिँदा रायलको वातावरण केहीबेर स्तब्ध भयो । यी शब्द केबल गीतका हरफ थिएनन्, किशोर मनभित्र गुम्सिएका पीडा र चिन्ताका अभिव्यक्ति थिए । देउडाको लयमा मनोरञ्जन थियो, तर शब्दमा जीवनको गहिरो कथा थियो, तनाव थियो, निराशा थियो, सामाजिक दबाब थियो र सबैभन्दा महत्वपूर्ण, जीवन रोज्नुपर्छ भन्ने सन्देश थियो ।

बझाङको केदारस्यूँ गाउँपालिका-१ रायलस्थित गर्जेपानी माध्यमिक विद्यालयमा शनिबार आयोजित अन्तरमाध्यमिक विद्यालयस्तरीय देउडा गायन प्रतियोगिताले स्थानीय संस्कृति र मानसिक स्वास्थ्यसम्बन्धी चेतनालाई एउटै मञ्चमा उभ्याएको थियो । प्रतियोगितामा पाँच विद्यालय सहभागी थिए । झोताको भैरव माध्यमिक विद्यालय, भाडिकोटको नमादेव माध्यमिक विद्यालय, रातापानीको बेताल माध्यमिक विद्यालय र सैन्यूको जगन्नाथ माध्यमिक विद्यालयका विद्यार्थीले प्रस्तुत गरेका देउडाले किशोर मनका समस्या र मानसिक स्वास्थ्यको विषयलाई मौलिक भाकामार्फत उजागर गरेका थिए ।

*'घर झाउँ कामको चिन्ता, स्कुल पढाइको,*
*बालो उमेर उर्ली आयो, मैदान भै लडाइको ।'*

यी हरफले किशोरावस्थामा बालबालिकाले भोगिरहेको दबाबको चित्र कोर्‍यो । घरमा कामको बोझदेखि विद्यालयको पढाइसम्म, परिवारको अपेक्षादेखि सामाजिक दबाबसम्मका विषय देउडाका शब्दमा आएका थिए । खेल्ने, रमाउने र भविष्यका सपना बुन्ने उमेरमै कतिपय बालबालिका मानसिक तनावको भारी बोकेर हिँड्न बाध्य भएको यथार्थ विद्यार्थीले गीतमार्फत सुनाएका थिए ।

स्थानीय भाका र मौलिक लयमा प्रस्तुत गरिएका गीतका शब्दले मनोरञ्जनका लागि उपस्थित अभिभावकलाई सोच्न बाध्य बनाए । पुस्तौँदेखि मनोरञ्जन, सामाजिक संवाद र आफ्ना सुखदुःख व्यक्त गर्ने माध्यमका रूपमा रहेको देउडा यसपटक भने मानसिक स्वास्थ्यको आवाज बनेर गुञ्जियो । प्रतियोगितामा विद्यार्थीले मानसिक तनाव, निराशा, आत्मविश्वासको कमी, पारिवारिक तथा सामाजिक दबाब र आत्महत्याको जोखिमजस्ता संवेदनशील विषयलाई सिर्जनात्मक ढङ्गले उठाएका थिए ।

*'चेतनाको कमीले हो, अकालमै मर्‍या,*
*अमूल्य माइसको चोला फाल्पासो जनर्‍या ।'*

यी शब्दले मानव जीवनको मूल्य सम्झाउँदै कठिन परिस्थितिमा पनि जीवन त्याग्ने होइन, त्यसको सामना गर्ने सन्देश दिएको थियो । मानसिक समस्या आउनु कमजोरी होइन र समस्याको समाधान आत्महत्या होइन भन्ने भाव विद्यार्थीका प्रस्तुतिमा स्पष्ट देखिन्थ्यो ।

आत्महत्याका घटना न्यूनीकरण गर्न विद्यालय तहबाटै मानसिक स्वास्थ्यसम्बन्धी चेतना फैलाउनुपर्ने आवश्यकता देखिएपछि चेतनामूलक देउडा गीता प्रतियोगिता आयोजना गरिएको गर्जेपानी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चित्रबहादुर मल्लले बताउनुभयो । किशोरावस्था शारीरिक, मानसिक र भावनात्मक परिवर्तन तीव्र हुने संवेदनशील समय भएकाले यस उमेरका बालबालिकाका भावना र व्यवहारलाई गम्भीरतापूर्वक बुझ्नुपर्ने उहाँले बताउनुभयो ।



किशोरावस्थामा हुने मानसिक समस्यालाई ध्यानमा राखेर नेपाल इन्स्टिच्युट अफ मेन्टल हेल्थले कार्यक्रमका लागि आर्थिक सहयोग गरेको थियो । गर्जेपानी विद्यालयको आयोजनामा भएको प्रतियोगितामा गाउँपालिकाका स्वास्थ्य संयोजक अमरबहादुर विष्टले पछिल्ला वर्षमा आत्महत्याका घटना बढिरहेको तथ्याङ्क प्रस्तुत गर्नुभयो । उहाँले आर्थिक वर्ष २०८२/८३ मा नेपालमा सात हजार १३२ जनाले आत्महत्या गरेका जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "नेपालमा दैनिक आत्महत्या गर्नेको सङ्ख्या बढिरहेको छ । यो तथ्याङ्क घटाउन परिवार, विद्यालय, समुदाय र राज्य सबैले आ-आफ्नो भूमिका निर्वाह गर्नुपर्छ ।" उहाँले आत्महत्या सामान्य विषय नसम्झिन आग्रह गर्नुभयो । "हाम्रोतिर कायरले आत्महत्या गर्छ भन्ने भाष्य छ । तर, आत्महत्याको सोचसम्म पुग्नु सम्बन्धित व्यक्तिका लागि निकै जटिल अवस्था हो । त्यो बुझ्नु जरूरी छ ।"

स्वास्थ्य संयोजक विष्टका अनुसार आत्महत्या रोकथाम स्वास्थ्य क्षेत्रको मात्रै जिम्मेवारी होइन । परिवारमा आफ्ना कुरा खुलेर भन्नसक्ने वातावरण, विद्यालयमा विद्यार्थीका समस्या सुन्ने संस्कार र समुदायमा मानसिक स्वास्थ्यबारे संवाद आवश्यक छ । समयमै समस्या पहिचान गरेर सहयोग र उपचारको पहुँचमा पुर्‍याउनसके धेरै जोखिम रोक्न सकिने उहाँले बताउनुभयो ।

### निरन्तर अभियानमा मल्ल

गर्जेपानी माध्यमिक विद्यालयका शिक्षक पूर्णबहादुर मल्ल डेढ वर्षयता मानसिक स्वास्थ्यसम्बन्धी सचेतना फैलाउने अभियानमा जुट्नुभएको छ । छोरीले आत्महत्या गरेपछि विक्षिप्त बन्नुभएका मल्लले मनोपरामर्शदाताबाट तालिम पाएपछि गाउँगाउँमा गएर सचेतनाको सन्देश फैलाइरहनुभएको छ । गर्जेपानी माविमा हरेक हप्ता मानसिक स्वास्थ्यसम्बन्धी सचेतनामूलक कार्यक्रम भइरहन्छन् । देउडा गायन प्रतियोगिता पनि उहाँकै अग्रसरतामा भएको थियो ।

गाउँगाउँमा मानसिक स्वास्थ्यसम्बन्धी सचेतना फैलाउँदै आउनुभएका मल्लले किशोरकिशोरीका व्यवहारमा आउने परिवर्तनलाई सामान्य भनेर बेवास्ता गर्न नहुने बताउनुभयो । "किशोर-किशोरीका समस्या सुन्ने, भावना बुझ्ने र आवश्यक पर्दा सहयोग तथा परामर्श उपलब्ध गराउने वातावरण विद्यालय र परिवारले बनाउनुपर्छ", उहाँले भन्नुभयो । विद्यार्थी तथा शिक्षकलाई मानसिक स्वास्थ्यका विषयमा जानकारी दिने मल्लको अभियानले विद्यालय तहमा बहसको विषय बनाउन सहयोग पुर्‍याएको सोही विद्यालयका आमा समूहका अध्यक्ष देवकी मल्लले बताउनुभयो ।

### प्रतियोगितामा गुञ्जिएको अर्को हरफ थियो

*'चित्त दुखाई जन बस्या, हृदय रूनो छ,*
*मानसिक रोगको पन, उपचार हुनो छ ।'*

यी हरफले मानसिक समस्या आएमा जीवन समाप्त गर्ने होइन, उपचार खोज्नुपर्ने सन्देश बोकेको छ । चित्त दुखेका बेला हतारमा गलत निर्णय लिनुभन्दा परिवार, शिक्षक, स्वास्थ्यकर्मी वा सम्बन्धित व्यक्तिसँग आफ्ना कुरा राखेर सहयोग लिनुपर्ने भाव गीतमा प्रस्तुत गरिएको थियो ।

"गर्जेपानीमा भएको यो प्रतियोगिता एउटा सांस्कृतिक कार्यक्रम मात्र रहेन", आमा समूहकी अध्यक्ष मल्लले भन्नुभयो, "यसले देउडालाई मानसिक स्वास्थ्यसम्बन्धी संवादको माध्यम बनायो । विद्यार्थीले आफ्नै भाकामा आफ्नै मनका कुरा सुनाए ।

शिक्षक र अभिभावकलाई आफ्ना बालबालिकाको मनभित्र पनि एउटा संसार हुन्छ भन्ने सम्झाए ।" किशोरकिशोरीको मनमा आउने तनाव, निराशा, असफलता तथा पारिवारिक र सामाजिक दबाबलाई समयमै बुझ्न सके धेरै जोखिम रोक्न सकिने उहाँले बताउनुभयो । रासस

# विपद्को पीडामा खल्लो बन्दै तीज

काठमाण्डु । सामान्यतया भदौ लागेसँगै नेपाली समाजमा तीजको रौनक छाउँथ्यो । घर,आँगनदेखि बजारसम्म रातो साडी, चुरा, पोते र गरगहनामा सजिएका महिलाको चहलपहल देखिन्थ्यो । तीजका गीत घन्किन्थे, दिदीबहिनी भेला भएर दर खान्थे, नाचगान गर्थे । कार्यालय, संस्था र समुदायमा तीज विशेष कार्यक्रम आयोजना हुन्थे । तर यसपटकको तीजको माहोल फरक छ ।

रसुवाको भोटेकोशीमा यही भदौ १० गते गएको बाढीले ठूलो मानवीय तथा भौतिक क्षति पुर्‍याएपछि त्यसको त्रास र पीडाले मुलुकका धेरै परिवारलाई रुवाएको छ । विशेषगरी रसुवा, नुवाकोट, धादिङलगायतका बाढी प्रभावित क्षेत्रमा तीजको उल्लासभन्दा आफन्तको खोजी, विस्थापनको पीडा र भोलिको चिन्ताले ठाउँ लिएको छ । अन्य जिल्लाका नागरिक पनि बाढीमा परेकाले देशभर शोक छाएको छ ।

आइतबार तीज दर खाने दिन । विगतमा यही दिन दिदीबहिनीहरू एकै ठाउँमा जम्मा भएर दर खाने, सुखदुःख साट्ने र तीजको गीतमा रमाउने गर्थे । यसपटक भने कतिपय परिवारका लागि दर खाने दिन पनि हराएका आफन्तको सम्झनामा बितिरहेको छ । नुवाकोटकी सुकुमाया तामाङको आँखामा तीजको रौनक होइन, हराइरहेका आफन्त भेटिने आशा छ । "कि सास, कि लास भए पनि भेटियो", भन्ने आशामा दिन बिताइरहेका परिवारका लागि चाडपर्वको खुसी कसरी सम्भव होस् ?



यस्तै, पीडा नुवाकोट र धादिङका प्रभावित परिवारमा पनि छ । कतिपयका घर बगेका छन्, कतिपयका व्यवसाय र रोजगारीका आधार गुमेका छन् । कतिपय परिवारका सदस्य घाइते भएर अस्पतालमा उपचाररत छन् । ज्यान जोगाएर बाँचेकाहरू पनि घटनाको त्रासबाट अझै मुक्त हुन सकेका छैनन् ।

बाढीका कारण विस्थापित भएका सयौँ नागरिक अहिले अस्थायी सेल्टरमा बसिरहेका छन् । उनीहरूका लागि चाडपर्व मनाउनु प्राथमिकता होइन । बिहान बेलुका खानेकुरा, सुरक्षित बसोबास, स्वास्थ्योपचार र हराइरहेका आफन्तको खोजी नै अहिलेको मुख्य आवश्यकता बनेको छ ।

काठमाण्डु उपत्यकामा तीजको चहलपहल देखिए पनि बाढी प्रभावित परिवारमा त्यसको प्रभाव न्यून छ । विगतमा तीजका लागि महिनौँअघि नै तयारी गर्ने महिला यसपटक आवश्यकताअनुसार मात्र घरभित्र भेटघाट गरिरहेका छन् । कतिपय महिलाले सामान्य रूपमा रातो पहिरन लगाएका छन्, हातमा चुरा पनि लगाएका छन् । तर त्यो सजावटमा विगतको उत्साह छैन । उनीहरूको मनमा बाढीले दिएको चोट, गुमाएका घर-सम्पत्ति र हराइरहेका आफन्तको सम्झना छ ।

"चाड त आयो, तर मनमा खुसी छैन", गोङ्गबुकी राधा खत्री भन्नुहुन्छ । यसपटकको तीजको वास्तविकता राधाको यही भनाइले झल्काउँछ । तीज नेपाली महिलाको सांस्कृतिक पर्व मात्र होइन, भेटघाट, आत्मीयता र दुःखसुख साट्ने अवसर पनि हो । यही कारण विपत्तिमा परेका महिलाका लागि यस वर्ष तीज झनै भावुक बनेको छ । कतिपयले आफ्नो पीडा अरूसँग साटिरहेका छन् भने कतिपयले मौनरूपमै दुःख सहिरहेका छन् ।

बाढीबाट ज्यान जोगाएर फर्किएका महिलाका कथा पनि कम पीडादायी छैनन् । कसैले परिवारका सदस्य गुमाएका छन्, कसैले घरबास । कसैले घाइते अवस्थाबाट उपचारपछि बल्ल सामान्य जीवनतर्फ फर्किने प्रयास गरिरहेका छन् । बाढीको समयमा ज्यान जोगाउन भागेका महिला अहिले सुरक्षित स्थानमा भए पनि त्यो क्षणको त्रास सम्झँदा झस्किन्छन् । उनीहरूका लागि तीजका गीतभन्दा बाढीको गर्जन र भागदौडको स्मृति अझै ताजा छ ।

अस्थायी शिविरमा बसिरहेका महिला आफ्ना बालबालिकालाई सम्हालिरहेका छन् । राहतबाट प्राप्त खाद्यान्न र अन्य सामग्रीको व्यवस्थापन गर्दै उनीहरू परिवारको दैनिक जीवनलाई पुनःसामान्य बनाउने प्रयासमा छन् । चाडपर्व आए पनि उनीहरूका लागि सबैभन्दा ठूलो उत्सव आफ्ना परिवारका सदस्य सुरक्षित हुनु र हराइरहेकाहरू सकुशल भेटिनु हो ।

चाडपर्व दुःख बिर्साउने अवसर पनि हो । तर दुःख अत्यन्तै गहिरो हुँदा उत्सवभन्दा सहानुभूति र साथ आवश्यक हुन्छ । यसपटकको तीजले यही सन्देश दिएको छ-विपत्तिमा परेका परिवारलाई एक्लो नछाडौँ, उनीहरूको पीडामा साथ दिऔँ र पुनःस्थापनाका लागि हातेमालो गरौँ । रासस

# पचास हेक्टर वन क्षेत्रमा टाइगर सेन्चुरी

चितवन । समस्याग्रस्त बाघलाई व्यवस्थापन गर्दै पर्यापर्यटनसँग जोड्ने उद्देश्यले यहाँ टाइगर सेन्चुरी बनाउन थालिएको छ । हाल दुई वटा समस्याग्रस्त बाघ राखिएको देवनगरमा २० वटा बाघ राख्न सक्ने गरी टाइगर सेन्चुरी बनाउन लागिएको हो ।

चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा रहेको देवनगरमा चालु आर्थिक वर्षदेखि टाइगर सेन्चुरी निर्माणको काम थाल्न रु पाँच करोड बजेट विनियोजन गरिएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका प्रवक्ता डा हरिभद्र आचार्यका अनुसार अहिले भइरहेको होल्डिङ सेन्टरसहित तीन किसिमका संरचना सेन्चुरीमा बनाइने छ ।

आचार्यका अनुसार खोरभित्र रहेका बाघलाई मचानमा बसेर वा 'क्लोजब्रिज'बाट हेर्न मिल्ने गरी बाघ राखिने छ । ती बाघलाई घेरिएका संरचना दुई तहको बनाइने छ । जसका कारण भित्रको बाघ बाहिर आउन नसक्ने र बाहिरका जनावर भित्र छिर्न नसक्ने गरी संरचना बनाइने छ । यो होल्डिङ सेन्टरभन्दा धेरै फराकिलो हुने छ ।

सो वन क्षेत्रमा ५० हेक्टर जमिन लिएर बाँकी भागलाई खुल्ला खोरका रूपमा विकास गरिने प्रवक्ता आचार्यले बताउनुभयो । खोरभित्र जिपमा बसेर मानिसले बाघ अवलोकन गर्न सक्ने छन् । उहाँले भन्नुभयो, "मान्छे खोरभित्र र बाघबाहिर हुने गरी संरचना निर्माण गरिने छ ।"




तीन तहमा टाइगर सेन्चुरी बनाउनका लागि यसै आर्थिक वर्षदेखि काम गरिने छ । उहाँका अनुसार ती क्षेत्रमा २० वटा बाघ राख्न मिल्ने गरी संरचना बनाइने छ । बाघलाई एक अर्काको बीचमा बार बनाएर राखिने छ । पूरै काम गर्नका लागि ठूलो खर्च लाग्ने भए पनि थालनी गरिने आचार्यले जानकारी दिनुभयो ।

समस्याग्रस्त बाघलाई उद्धार गरेर प्राकृतिक वातावरणकै झल्को दिने गरी व्यवस्थापन गर्न लागिएको हो । नेपालमा यस खालको संरचना अहिलेसम्म बनाइएको छैन । विदेशमा टाइगर सेन्चुरी बनाएर त्यहाँ पर्यटक घुमाएर आम्दानी पनि गर्ने गरिएको छ । आचार्यका अनुसार नेपालमा यस खालको सेन्चुरी बनेसँगै बाघको व्यवस्थापन र पर्यटक घुमाएर आम्दानी गर्न सकिने छ ।

नेपालका विभिन्न ठाउँमा रहेका खोरहरूमा १९ वटा समस्या ग्रस्त बाघ छन् । खोरमा भएकामध्ये सबैभन्दा बढी चितवनमा सात, बर्दिया र चिडियाखानामा पाँच/पाँच वटा, पर्सा र बाँकेमा एक/एक वटा बाघ रहेका चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डिलबहादुर पुर्जापुनले जानकारी दिनुभयो । सबैभन्दा बाघ भएको चितवन राष्ट्रिय निकुञ्जमा नियन्त्रणमा लिनु परेका समस्याग्रस्त बाघ राख्ने खोर नभएपछि अन्यत्र पठाउने गरिएको छ ।

संरक्षण अधिकृत पुर्जापुनका अनुसार यसै महिना नियन्त्रणमा लिइएको एउटा बाघलाई पर्सा पठाइएको छ । बाघको सङ्ख्या धेरै हुँदै गर्दा समस्या ग्रस्त बाघ बढ्दै गएका छन् । "मानव बस्तीमा पसेर जनधनको क्षति पुर्‍याउने हिंस्रक बाघलाई समस्याग्रस्त मानेर नियन्त्रणमा लिई खोरमा राख्ने गरिन्छ । रासस


**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** परिवारका साथ रहेर मिष्टान्न भोजन लिने अवसर मिलने छ।
**वृष :** प्रेममा रमाउने चाहनेहरुका लागि समय फलदायी रहनेछ।
**मिथुन :** मायाको डोरो कसिलो भएर जानेछ।
**कर्कट :** समय मध्यम रहकोले पढाइ लेखाइमा भनेजस्तो प्रगति गर्न सकिने छैन।
**सिंह :** आज कम बोल्नु उचित हुनेछ।
**कन्या :** परिवारसंग रमाइलो घुमघामको तय हुनेछ। शुभ खबर सुन्न पाइने छ।
**तुला :** श्रमको मुल्य अर्काले खाने जोखिम छ। यात्रा गर्दा सचेत हुनुपर्नेछ।
**वृश्चिक :** बौद्धिक व्यक्तिसंगको अन्तरक्रियाले मन प्रशन्न हुनेछ।
**धनु :** आज गुम्न लागेको धन हात लाग्ने छ। स्वास्थ्यमा सुधार हुनेछ।
**मकर :** निजी शिक्षामा गरेको लगानीबाट फाइदा हुनेछ।
**कुम्भः** धार्मिक कार्यमा सहभागी भएमा दिन सहज बन्ने छ।
**मीनः** परीक्षा लेखेको भए नतिजा राम्रो प्राप्त हुनेछ। दिन राम्रो छ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
**9812005378**


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

## राजविराज उच्च अदालत बार एशोसिएशनको अध्यक्षमा सिंह



**टुडे समाचारदाता**

राजविराज । नेपाल बार एशोसिएशनअन्तर्गत राजविराज उच्च अदालत बार एशोसिएशनको अध्यक्षमा बलरामप्रसाद सिंह निर्वाचित भएका छन् ।

आइतबार बिहान सम्पन्न निर्वाचनको मतपरिणाम अनुसार अध्यक्षमा निर्वाचित सिंहले ११८ मत प्राप्त गरेर निर्वाचित भएका छन् भने उनका निकटतम् प्रतिद्वन्द्वी नवीन सिंहले ७१ मत प्राप्त गरेका थिए ।

अध्क्षका अर्का उम्मेदवार देवबहादुर कटुवालले सात मत प्राप्त गरेको निर्वाचन समितिका संयोजक धर्मेन्द्रकुमार यादवले जानकारी दिएका छन् ।

यस्तै, उपाध्यक्षमा विनोदकुमार पाण्डे, सचिवमा पार्वतीकुमारी जोशी थारू र सहसचिवमा अस्मिता थापा निर्वाचित भएको छ । कोषाध्यक्ष पदमा उम्मेदवारद्वयको मत बराबर भएपछि गोला प्रथाबाट भोगीलाल यादव निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ ।

सदस्यमा सुरेन्द्रप्रसाद यादव, डा. शिवनारायण यादव, दिलीप यादव, दिनेशकुमार सिंह, सतीशकुमार दत्त, बालकृष्ण कार्की, रामनारायण चौधरी र सन्तोषकुमार चौधरी निर्वाचित भएको छ ।

त्यसैगरी पार्षद पदमा नारायणप्रसाद साह, डा. देवनारायण यादव, अशोककुमार झा, सुधा देव, श्यामकुमार पोखरेल, बालकृष्ण ढुङ्गाना, कौशलकिशोर दत्त, सत्यनारायण साह र अजयकुमार चौधरी थारू निर्वाचित भएको छ ।

निर्वाचनमा गणतान्त्रिक, लोकतान्त्रिक र प्रगतिशील समूहको संयुक्त प्यानल तथा प्रजातान्त्रिक लयर्स एशोसिएसनको प्यानल चुनावी प्रतिस्पर्धामा थिए । पदाधिकारसहित अधिकांश सदस्य पदमा संयुक्त प्यानलका उम्मेदवार विजयी भएका छन् ।

कूल मतदाता २१७ मध्ये निर्वाचनमा कुल १९९ मत खसेको थियो । पदाधिकारीतर्फ १९८ मत सदर र एक मत बदर भएको निर्वाचन समितिले जनाएको छ । पार्षद पदमा छ मत र सदस्य पदमा ११ मत बदर भएको थियो ।

## सशस्त्रद्वारा बरामद ४ लाख नगद अनुसन्धानमा, ३ पिकअप कुखुरा छाडियो

**टुडे समाचारदाता**

रौतहट । रौतहट सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको ब्रोइलर कुखुरासहितका तीनवटा पिकअप गाडी भन्सार कार्यालयबाट फिर्ता गरिएको छ । तर, ती गाडीबाट बरामद भएको स्रोत नखुलेको ४ लाख रुपैयाँ भने थप अनुसन्धानका लागि आन्तरिक राजस्व कार्यालय सिमरा पठाइएको छ ।

बौधिमाई नगरपालिका-८ स्थित हनुमान मन्दिर नजिक शनिबार राति सशस्त्र प्रहरी बल नेपाल नं. ११ गण हेडक्वार्टर रौतहटको टोलीले तीनवटा पिकअपमा लोड गरिएको करिब ३ हजार २०० किलो ब्रोइलर कुखुरा नियन्त्रणमा लिएको थियो ।

सशस्त्र प्रहरीले कुखुरा र सवारीसाधनसहित नियन्त्रणमा लिएका ६ जनालाई आवश्यक कारबाहीका लागि गौर भन्सार कार्यालयमा बुझाएको थियो ।

तर, अनुसन्धानका क्रममा बरामद कुखुरा भारतीय भएको पुष्टि हुने पर्याप्त प्रमाण फेला नपरेपछि भन्सार कार्यालयले आइतबार दिउँसो कुखुरा र तीनवटै पिकअप फिर्ता गरेको भन्सार कार्यालय प्रमुख विकासकुमार रजकले बताएका छन् ।

उनका अनुसार स्रोत नखुलेको ४ लाख रुपैयाँको हकमा भने अनुसन्धान प्रक्रिया अघि बढाइएको छ । उक्त रकम थप अनुसन्धानका लागि आन्तरिक राजस्व कार्यालय सिमरा पठाइएको उनले जानकारी दिएका छन् ।



रकम बराबर ४ लाख रुपैयाँ धरौटी र सवारीसाधनबापत थप १ लाख रुपैयाँ भन्सार कार्यालयमा बुझाएपछि कुखुरा, पिकअप र नियन्त्रणमा लिइएका ६ जनालाई छाडिएको हो ।

सशस्त्र प्रहरीका अनुसार प्रारम्भिक मूल्यांकनमा कुखुरा, पिकअप तथा अन्य सामग्रीसहित बरामद सामानको कुल अनुमानित मूल्य ८६ लाख ६० हजार रुपैयाँ कायम गरिएको थियो । त्यसमध्ये कुखुराको मात्र मूल्य करिब ९ लाख ६० हजार रुपैयाँ रहेको बताइएको छ।

मधेश प्रदेश प्रहरी प्रमुख डीआईजी विष्णु भट्टका अनुसार नियन्त्रणमा लिइएका व्यक्तिहरूको साथबाट स्रोत नखुलेको ४ लाख रुपैयाँ नेपाली नगदसमेत बरामद भएको थियो । सशस्त्र प्रहरी रौतहटका प्रमुख एसपी चेतराज जोशीको कमाण्डमा खटिएको टोलीले सीमावर्ती क्षेत्रबाट कुखुरा ओसार पसार भइरहेको सूचनाका आधारमा उक्त कारबाही गरेको थियो ।

यसैबीच, सीमावर्ती क्षेत्रमा भारतीय कुखुराको अवैध आयात भइरहेको दाबी व्यवसायीहरूले गर्दै आएका छन् ।

स्थानीयका अनुसार भारतको बिहारस्थित पूर्वी चम्पारणको झरौखर थाना क्षेत्रअन्तर्गत बैनाथपुर क्षेत्रमा सञ्चालित पोल्ट्री फार्मबाट कुखुरा खरिद गरी सीमावर्ती क्षेत्रमा रहेका पोल्ट्री फार्ममा साइकल तथा मोटरसाइकलमार्फत ल्याएर दिनभर स्टक गर्ने गरिएको छ ।

त्यसपछि नेपाली र भारतीय कुखुरा मिसाएर रातको समयमा आफ्नै फार्मको नाममा अनलाइन बिल काटी हेटौंडा तथा काठमाडौंसम्म पठाउने गरिएको प्रत्यक्षदर्शीको दाबी छ ।

प्रत्यक्षदर्शीका अनुसार करिब ३० प्रतिशत नेपाली र ७० प्रतिशत भारतीय कुखुरा मिसाएर पठाउने गरिएको छ । यद्यपि, यस्तो दाबीको स्वतन्त्र पुष्टि भने हुन बाँकी छ । व्यवसायीहरूका अनुसार नेपाली कुखुराको तुलनामा भारतीय ब्रोइलर प्रतिकिलो जिउँदो करिब ५० रुपैयाँसम्म सस्तो पर्ने भएकाले सीमावर्ती क्षेत्रमा यसको अवैध कारोबार बढ्दै गएको हो ।

भारतीय कुखुराको अवैध आयातका कारण नेपाली कुखुरा व्यवसाय संकटमा परेको भन्दै कुखुरा उत्पादक संघ रौतहटले लामो समयदेखि आवाज उठाउँदै आएको छ । तस्करी नियन्त्रणमा स्थानीय प्रहरी प्रशासनले पर्याप्त चासो नदिएको आरोप लगाउँदै संघले केही दिनअघि जिल्ला प्रशासन कार्यालय रौतहट अगाडि धर्नासमेत दिएको थियो ।

## तीन दिनमा बाराबाट चार बालबालिका बेपता



**टुडे समाचारदाता**

बारा । गत तीन दिनको अवधिमा बारा जिल्लाबाट चार बालबालिका बेपत्ता भएका छन् । निजगढ नगरपालिका-९ शान्तिटोलका वेपता भएका १४ वर्षीय कृष्ण आचार्यको पता नलाग्दै जितपुरसिमरा उपमहानगरपालिका-५ बकुलिया टोलबाट एकै परिवारका तीन बालबालिका बेपत्ता भएका हुन् ।

जिल्ला प्रहरी कार्यालय बाराका अनुसार भारत घर भई हाल बकुलिया टोलमा बस्दै आएका मुकेश पासवानका ५ वर्षीय छोरा धिरज पासवान, ७ वर्षीया छोरी सुन्दरी पासवान र १० वर्षीया छोरी काजल पासवान शनिबार साँझ करिब ५ बजेदेखि सम्पर्कविहीन छन् ।

प्रहरीका अनुसार धिरज गहुँगोरो वर्णका छन् । उनले खैरो जिन्स पाइन्ट र पहेँलो सर्ट लगाएका थिए । उनको कपाल कालो र ठूलो रहेको तथा चप्पल नलगाएको बताइएको छ ।

त्यस्तै, सुन्दरी गहुँगोरो वर्णकी छन् । उनले सेतो सर्ट, कालो पाइन्ट र कालो चप्पल लगाएकी छन् । उनको कपाल कालो रहेको प्रहरीले जनाएको छ । काजल पनि गहुँगोरो वर्णकी छन् । उनले सेतो सर्ट, कालो पाइन्ट र कालो चप्पल लगाएकी छन् भने उनको कपाल कालो रहेको प्रहरीले जनाएको छ ।

यसअघि निजगढ-९ शान्तिटोलका १४ वर्षीय कृष्ण आचार्य विद्यालयबाट घर नफर्किएपछि बेपत्ता भएका थिए । परिवारले खोजीका लागि प्रहरीलाई जानकारी गराए पनि उनको अवस्था अझै पत्ता लाग्न सकेको छैन ।

चारै जना बालबालिकाको खोजीका लागि प्रहरीले आवश्यक समन्वय र प्रयास भइरहेको जनाएको छ । उनीहरूलाई कसैले कतै देखे वा उनीहरूको अवस्थाबारे कुनै जानकारी पाए तत्काल जिल्ला प्रहरी कार्यालय बारा वा नजिकको प्रहरी कार्यालयमा खबर गर्न प्रहरीले सर्वसाधारणसँग आग्रह गरेको छ ।

## स्यालको टोकाईबाट ६ जना घाइते

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको उत्तरी भेगस्थित हरिवन नगरपालिका-८ का विभिन्न बस्तीमा स्यालको टोकाईबाट छ जना मानिस र २५ वटा पशुचौपाया घाइते भएका छन् ।

एउटै स्यालले टोकेर हरिवन-८ को चापिनी, आपडाँडा, स्कुलटोल र जिम्दार चोकका छ जना मानिस घाइते भएका हरिवन नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ । स्यालको टोकाईबाट ३० वर्षीया अर्पना कोइराला, ३४ वर्षीया विमला तामाङ, २१ वर्षीय प्रशान्त उप्रेती, ६५ वर्षीय तिलबहादुर मगर, ७१ वर्षीय मनबहादुर थामी र ६६ वर्षीय देवराम मगर घाइते भएका छन् ।



घाइतेहरूको नगर अस्पताल सासापुर, नमूना अस्पताल हरिवन र हरिवन बजारका निजी स्वास्थ्य संस्थाहरुमा उपचार चलिरहेको हरिवन नगरपालिकाको स्वास्थ्य शाखाका संयोजक रामबाबु चौधरीले जानकारी दिएका छन् ।


केही घाइतेले हेटौंडा, वीरगन्ज र काठमाडौँसमेत पुगेर आवश्यक भ्याक्सिन लगाउने र उपचार गराएका छन् । स्यालले एकैपटक धेरै सङ्ख्यामा मानिसलाई टोकेपछि हरिवन नगरपालिकाले छिमेकी लालबन्दी नगरपालिकासँग समन्वय गरी नगर अस्पताल सासापुरमा रेबिजविरुद्धको भ्याक्सिन मगाएको छ । स्वास्थ्य शाखा संयोजक चौधरीले भन्नुभयो, "हामीसँग तत्काल रेबिजको भ्याक्सिन सकिएको थियो, त्यसैले घटना हुनासाथ लालबन्दीबाट भ्याक्सिन सापटी लिएर नगर अस्पतालमा राखिसकेका छौं ।" हरिवन नगरपालिकाको पशु स्वास्थ्य शाखाका डा. महेश श्रेष्ठका अनुसार स्यालले २५ वटाजति भैंसी र बाख्रालाई टोकेको छ । आफूहरू आइतबार बिहान स्यालले आतङ्क मच्चाएको टोलहरूमा पुग्दा किसानले घाइते पशुचौपायालाई निजी भेटेरिनरीका पशु प्राविधिक बोलाएर रेबिजविरूद्धको भ्याक्सिन लगाइसकेको पाइएको पशु चिकित्सक डा. श्रेष्ठले बताए ।

स्यालले टोकेका पशुचौपायका लागि रेबिजविरूद्धको थप खोप चाहिए पशु स्वास्थ्य शाखामा भ्याक्सिन उपलब्ध रहेको उनले बताए । हरिवन नगरपालिकाका प्रमुख रमेश बुढाथोकी (कमल)ले स्यालको आक्रमणबाट मानिस तथा चौपाया घाइते भएपछि स्वास्थ्यकर्मी र पशु प्राविधिक परिचालन गरिएको जानकारी दिएका छन् ।

## बाढी विस्थापितलाई आवास र रकम उपलब्ध गराइने

**टुडे समाचारदाता**

जनकपुरधाम । गत १० भदौमा आएको विनाशकारी रसुवाको भोटेकोशी बाढीबाट विस्थापित परिवारलाई सरकारले आवास तथा आवश्यक खर्च व्यवस्थापनका लागि आर्थिक सहायता उपलब्ध गराउने भएको छ ।



मन्त्रिपरिषद्को गत बिहीबार बसेको बैठकले स्थायी आवास निर्माण नभएसम्म बाढी प्रभावित परिवारलाई घरभाडा तथा अन्य आवश्यक खर्च व्यवस्थापनका लागि रकम उपलब्ध गराउने निर्णय गरेको सञ्चारमन्त्री विक्रम तिमिल्सिनाले जानकारी दिएका छन्।

निर्णयअनुसार चार सदस्यसम्मको परिवारलाई मासिक १५ हजार रुपैयाँ उपलब्ध गराइनेछ भने चार जनाभन्दा बढी सदस्य भएको परिवारका लागि थप प्रत्येक सदस्यबापत मासिक २ हजार रुपैयाँ अतिरिक्त रकम दिने व्यवस्था गरिएको बताइएको छ ।

सरकारको यो सुविधा लिन नचाहने परिवारका लागि भने स्थायी आवास निर्माण नहुन्जेलसम्म अस्थायी आवासको व्यवस्था गर्ने विकल्पसमेत दिइएको मन्त्री तिमिल्सिनाले बताए ।

आर्थिक सहायता उपलब्ध गराउन आवश्यक विवरण संकलनका लागि सम्बन्धित स्थानीय तहमा फारम पठाइसकिएको सरकारले जनाएको छ । प्रभावित परिवारको संख्या र आवश्यकताका आधारमा सहायता वितरण प्रक्रिया अघि बढाइनेछ ।

सरकारले बाढीबाट भएको प्रारम्भिक क्षति तथा नोक्सानीको मूल्याङ्कन सम्पन्न गरिसकेको जनाएको छ । अहिले विस्तृत आवश्यकता मूल्याङ्कनको काम भइरहेको र त्यसका आधारमा आवश्यक स्रोत सुनिश्चित गरी पुनर्निर्माण तथा पुनर्स्थापनाको काम अघि बढाइने मन्त्री तिमिल्सिनाले बताए ।

## उद्यमीलाई समूहलाई प्रविधि प्रदान



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको मटिहानी नगरपालिकाले सिप विकास तालिम लिएका उद्यमी समूहलाई करेसाबारीमा प्रयोग हुने प्रविधि प्रदान गरेको छ ।

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सीप विकास तालिम लिएका उद्यमी समूहका १५ जनालाई आइतवार एक कार्यक्रमका बीच मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डलले उक्त प्रविधि उद्यमी समूहरुलाई हस्तान्तरण गरेका छन् ।

हस्तान्तरण गरिएको सो प्रविधि सामग्रीहरूमा स्प्रे, कोदालो गार्डेन पाइप, खुर्पी हजारी र उन्नत जातको तरकारीको बिउ वितरण गरिएको कुरा उद्यम विकास सहजकर्ता कुन्दन कुमार मण्डलले जानकारी दिएका छन् ।

उक्त कार्यक्रममा मटिहानी नगरपालिका वड़ा नं.६ का वड़ा अध्यक्ष कलीम अंसारीज्यु, वड़ा सदस्य ऐरुन खातुन, कृषि शाखा प्रमुख श्री टंक प्रसाद उपाध्यायज्यु, स.क.अ. आदर्श मंडलज्यु लगायत स्थानीयहरुको उपस्थिति रहेको थियो ।

## वडौँ मनाउन महावीरको विभिन्न उपसमिति गठन

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी वडादशैं-२०८३ लाई सभ्य, भव्य तथा धुमधामका साथ मनाउन श्री महावीर युवा कमिटीले विभिन्न १२ वटा उपसमिति गठन गरेको छ ।

कमिटीको ६० औं साधारणसभाबाट वडादशैंका विभिन्न धार्मिक तथा सांस्कृतिक गतिविधिलाई व्यवस्थित बनाउन उपसमितिहरू गठन गरिएको हो । साधारणसभाले पूजा व्यवस्थापनदेखि सुरक्षा, सरसफाइ, मेला तथा भजनसन्ध्यासम्मका गतिविधिका लागि छुट्टाछुट्टै संयोजक ताकिएको जनाइएको छ ।



गठित उपसमितिअन्तर्गत मूल पूजा संयोजकमा दीपक कुमार साह, ठेहा संयोजकमा बिकेश पञ्जियार, प्रसाद तथा महाप्रसाद संयोजकमा सोनु कुमार साह र रावण वध संयोजकमा आनन्द कुमार साहलाई जिम्मेवारी दिइएको छ ।


त्यस्तै, सुरक्षा समिति संयोजकमा कुन्दन साह, भव्य शृंगार संयोजकमा विकास राई, रमाइलो मेला संयोजकमा रोशन साह, भजनसन्ध्या संयोजकमा बिक्रम साह, गहवर व्यवस्थापन संयोजकमा सुरेन्द्र साह, लाइन व्यवस्थापन संयोजकमा शशि साह, खोइच व्यवस्थापन संयोजकमा किशन साह तथा सरसफाइ संयोजकमा सुनिल राउत चयन भएका छन् ।

कमिटीका महासचिव भरत कुमार साहले वडादशैंलाई धार्मिक आस्था, परम्परा र सांस्कृतिक मौलिकता कायम राख्दै व्यवस्थित एवं मर्यादित रूपमा सम्पन्न गर्न उपसमितिहरू गठन गरिएको बताए ।

उनका अनुसार विगतका अनुभवलाई समेत आधार बनाएर यस वर्ष भक्तजन तथा श्रद्धालुलाई सहज रूपमा पूजा आराधना गर्ने वातावरण निर्माण गर्ने, भीड व्यवस्थापनलाई प्रभावकारी बनाउने र सुरक्षा तथा सरसफाइमा विशेष ध्यान दिने तयारी गरिएको छ ।

महासचिव साहले भने, 'वडादशैंलाई सभ्य, भव्य र व्यवस्थित रूपमा सम्पन्न गर्नु हाम्रो साझा जिम्मेवारी हो । सबै उपसमितिले आ-आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्ने विश्वास लिएका छौं । भक्तजनको सुविधा र धार्मिक वातावरणलाई प्राथमिकतामा राखेर यस वर्षको वडादशैंलाई थप आकर्षक बनाउने तयारी भइरहेको छ ।'



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

**सम्पादकीय**

# आन्दोलनको धम्की

संसद बाहिर रहेका तराई मधेश केन्द्रित दलहरुको अग्रगामी मोर्चाले छठ पछि अर्थात मंसिरदेखि आन्दोलन गर्ने धम्की दिएको छ । सरकारविरुद्ध मोर्चाले आन्दोलनको धम्की दिए पनि संसदमा उपस्थिति नरहेको कारण धेरै प्रभावकारी हुन सक्नेमा धेरैको आशंका छ । सरकारप्रति तराई मधेशमा नकारात्मक धारणा बनेको छ । प्रधानमन्त्री बालेन्द्र साहको प्रभाव तराई मधेशमा निकै घटेको छ । त्यसको प्रमुख रुपमा तराई मधेशका वासिन्दाहरुको चाहना अनुरुप कार्य नहुनु र सत्तारुढ दलकै तराई मधेशका सांसदहरुद्वारा सरकारको यथार्थपर आलोचना हुनु । तराई मधेशमा सर्वाधिक मत पाएको राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)ले तराई मधेशको समस्यालाई उपेक्षा गरेको आरोप छ । आमनागरिक सरकारप्रति चुनावताका बनाएको धारणा भन्दा अहिले पृथक अवस्था छ । बालेन्द्र साह देशको प्रधानमन्त्री नभए आत्मदाह गर्ने प्रण गरेर सहयोग गरेका सांसद डाक्टर अमरेश सिंह नै अहिले सरकार पूर्णरुपमा असफल भएको सार्वजनिक रुपमा बताउन थालेका छन् । लगातार पाँच पटक संसदीय चुनाव जितेका सिंहको भनाई सतही हुँदैन । उनले प्रमाणसहित आफ्ना धारणा राख्ने गरेका छन् । संसदमा समेत उनले सरकारको कमिकमजोरी बारे निर्धक्क बोल्ने छवि बनाएका छन् । नेपाली कम्युनिष्ट पार्टी(नेकपा) का संयोजक पुष्पकमल दाहाल प्रचण्डले समेत मधेशबाट प्रधानमन्त्री बनेका बालेन साहलाई तराई मधेशकै जनताले अपदस्थ गर्ने भविष्यवाणी गरेका छन् । तराई मधेशमा सरकारप्रतिको जनआक्रोश बद्धदो छ । मधेश प्रदेशको राजधानी जनकपुरधामबाट चुनावी बिगुल फुकेर अप्रत्याशित सफलता हासिल गरेका रास्वपाका वरिष्ठ नेता साहप्रति अहिले जनकपुरधामकै जनता सडकमा उत्रेर आक्रोश पोखिरहेका छन् । तराई मधेशको भावना विपरित सरकार काम गरिरहेको आरोप विभिन्न क्षेत्रमा गरिएको नियुक्तिलाई समेत उदाहरणको रुपमा प्रस्तुत गर्न थालिएको छ । सरकारले तराई मधेश र पहाडी जिल्लाबीच विभेद गरेको आरोप लागेको छ । तराई मधेशमा रहेका समस्याहरुलाई समाधान गर्ने, सरकारी नियुक्तिहरुमा तराई मधेशको समेत सम्मानजनक प्रतिनिधित्व गराउने जस्ता सवालमा सरकार घेरिएको छ । तराई मधेशमा सरकार विरोधी वातावरण बन्न थालेको बेला अग्रगामी मोर्चाले घोषणा गरेको आन्दोलन फितलो पनि हुने छैन । सरकार विरोधी जनभावना मोर्चासित जोडिन सक्ने सम्भावना व्यापक छ । समान्य अवस्थामा अगामी वर्ष स्थानीय र प्रदेशको चुनाव हुनेछ । स्थानीय र प्रदेशको चुनावमा मोर्चाले तराई मधेशमा सरकारलाई चुनौती दिन सक्छ । सरकार विरोधी भावना संगठित हुन सक्ने देखिएको छ । यसले सरकार परिवर्तन अथवा संघीय संसदमा उलटफेर हुने सम्भावना नरहे पनि चुनावमा भने सरकारलाई अप्ठ्यारो अवस्थामा पार्न सक्छ । मोर्चाका नेताहरुले चुनाव सम्म इमान्दारी पूर्वक मोर्चालाई लग्न सके सरकारलाई सशक्त धक्का दिन सक्छ ।

## तीजदेखि ऋषिपञ्चमीसम्म :

# परम्परा, चेतना र परिवर्तनको यात्रा



● क्षितिज विक्रम खनाल

नेपाली समाजमा हरितालिका तीज केवल एउटा धार्मिक पर्व मात्र होइन, यो नारी जीवनको आध्यात्मिक, सामाजिक र सांस्कृतिक आयामसँग गहिरो रूपमा जोडिएको जीवन्त परम्परा हो । तीज आउँदा रातो पहिरन, पूजा, व्रत, गीत, नाचगान, माइतीको सम्झना र भेटघाटले नेपाली समाजमा छुट्टै उत्साह ल्याउँछ । तर तीजको वास्तविक अर्थ बाहिरी प्रदर्शन र रमझममा मात्र सीमित छैन । यो महिलाहरूले आफ्ना भावना व्यक्त गर्ने, सुख-दुःख साटासाट गर्ने, पारिवारिक सम्बन्धलाई आत्मीय बनाउने र आफ्नो आत्मबल तथा पहिचानलाई अनुभूति गर्ने अवसर पनि हो । त्यसैले तीजलाई केवल एउटा पर्वका रूपमा होइन, पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको हाम्रो सामाजिक स्मृति, सांस्कृतिक पहिचान र जीवनदर्शनका रूपमा बुझ्नु आवश्यक छ ।

हरितालिका तीजको पौराणिक कथा देवी पार्वतीको तपस्या, दृढ संकल्प र भगवान शिवप्रतिको अटल समर्पणसँग जोडिएको छ । पौराणिक परम्पराअनुसार सतीदेवीले देहत्याग गरेपछि पार्वतीका रूपमा पुनर्जन्म लिइन् । बाल्यकालदेखि नै उनको मन शिवप्रति समर्पित थियो । पारिवारिक इच्छाअनुसार उनको विवाह अन्यत्र गराउने प्रयास भएपछि उनले आफ्नो इच्छालाई त्यागिनन् । शिवलाई नै आफ्नो जीवनसाथीका रूपमा प्राप्त गर्ने दृढ संकल्पसहित उनले कठोर तपस्या गरिन् । कथाअनुसार उनकी सखीहरूले उनलाई पिताको इच्छाबाट टाढा लगेर वनमा पुऱ्याए र त्यहीँ उनले शिवप्राप्तिको संकल्पका साथ तपस्या गरिन् । यही प्रसंगसँग 'हरितालिका' नाम जोडिएको मानिन्छ । यो कथा केवल पति प्राप्तिको धार्मिक आख्यान मात्र होइन, आफ्नो निर्णयप्रति दृढ रहने, कठिनाइमा पनि आफ्नो लक्ष्यबाट विचलित नहुने र आफ्नो जीवनका विषयमा आफ्नै इच्छा र चेतनाको सम्मान गर्ने नारी आत्मबलको प्रतीकका रूपमा पनि बुझ्न सकिन्छ ।

समय बदलिएको छ, समाज बदलिएको छ र महिलाको भूमिका पनि बदलिएको छ । त्यसैले पार्वतीको तपस्यालाई आजको सन्दर्भमा बुझ्दा यसको मूल सन्देश अझ व्यापक देखिन्छ । जीवनमा आफ्नो लक्ष्य पहिचान गर्नु, कठिनाइसँग नडराउनु, धैर्य राख्नु र आफ्नो अस्तित्व तथा निर्णयको सम्मान गर्नु आजको पुस्ताका लागि पनि उत्तिकै महत्वपूर्ण छ । प्रेममा समर्पण आवश्यक छ, तर समर्पणको अर्थ आफ्नो अस्तित्व गुमाउनु होइन । परिवार र सम्बन्ध महत्वपूर्ण छन्, तर आत्मसम्मान र स्वतन्त्र चेतना पनि त्यत्तिकै महत्वपूर्ण छन् । यही सन्तुलन नै तीजको आध्यात्मिक पक्षलाई आधुनिक जीवनसँग जोड्ने सुन्दर आधार बन्न सक्छ ।

तर आज तीज मनाउने क्रममा हाम्रो समाजमा केही नयाँ प्रवृत्तिहरू तीव्र रूपमा बढिरहेका छन्, जसले यसको मौलिकता र सांस्कृतिक मर्ममाथि प्रश्न उठाउन थालेका छन् । तीजको नाममा अत्यधिक खर्च, देखासिकी, भड्किलो पहिरन, महँगा भोजभतेर, अनावश्यक प्रतिस्पर्धा, सामाजिक सञ्जालमा प्रदर्शन गर्ने प्रवृत्ति र आफ्नो आर्थिक क्षमताभन्दा माथि उठेर जीवनशैली प्रदर्शन गर्ने होड बढ्दै गएको देखिन्छ । तीजको खुसीलाई आत्मीयता र सम्बन्धमा खोज्नुपर्ने ठाउँमा कतिपय अवस्थामा महँगो रेस्टुरेन्ट, होटल, गहना, पहिरन, भोज र प्रदर्शनसँग जोड्न थालिएको छ । अरूले गरेको देखेर आफूले पनि गर्नुपर्ने, अरूभन्दा राम्रो देखिनुपर्ने र सामाजिक सञ्जालमा आफ्नो जीवनशैली प्रमाणित गर्नुपर्ने मानसिकताले पर्वको सरलता र आत्मीयता विस्तारै ओझेलमा पार्दैछ ।

आधुनिकता आफैंमा गलत होइन । समयसँगै मानिसको जीवनशैली बदलिनु स्वाभाविक हो । नयाँ प्रविधि अपनाउनु, राम्रो पहिरन लगाउनु, साथीभाइसँग भेटघाट गर्नु, मनोरञ्जन गर्नु वा आफ्नो खुसी मनाउनु पनि गलत होइन । समस्या त्यतिबेला सुरु हुन्छ, जब आधुनिकताको नाममा हामी आफ्नो क्षमता, संस्कार र सामाजिक यथार्थलाई बिर्सेर अरूको देखासिकीमा अस्वस्थ प्रतिस्पर्धा गर्न थाल्छौं । आधुनिक बन्नु भनेको भड्किलो बन्नु होइन, चेतनशील बन्नु हो । सम्पन्न हुनु भनेको प्रदर्शन गर्नु होइन, आफ्नो जीवनलाई सम्मानपूर्वक र सन्तुलित ढङ्गले जिउन सक्नु हो ।

हामीले तीजलाई आधुनिक बनाउने नाममा आफ्नो सनातन संस्कृतिको मौलिकता नै गुमाउनु हुँदैन । बरु हाम्रो संस्कृति समयसँगै परिष्कृत हुनुपर्छ । जुन परम्पराले मानवता, प्रेम, परिवार, आत्मसंयम, सम्मान र सामाजिक सद्भाव बढाउँछ, त्यसलाई अझ मजबुत बनाऔं । जुन अभ्यास समयसँग मेल खाँदैन, विभेद पैदा गर्छ वा मानिसको आत्मसम्मानमा चोट पुऱ्याउँछ, त्यसलाई विवेकपूर्वक सुधारौं । संस्कृति जोगाउनु भनेको पुरानो कुरालाई आँखामा पट्टी बाँधेर दोहोऱ्याउनु होइन; त्यसको मूल मर्मलाई जोगाउँदै समयअनुकूल बनाउनु हो ।

आज तीजका नाममा बढ्दै गएको अर्को समस्या आर्थिक र सामाजिक असमानताको प्रदर्शन पनि हो । एउटा परिवारले हजारौं वा लाखौं खर्च गरेर पर्व मनाउँदा अर्को परिवारले सामान्य रूपमा पर्व मनाउन पनि कठिनाइ भोगिरहेको हुन सक्छ । यस्तो अवस्थामा पर्वले खुसी बाँड्नुको सट्टा हीनभावना र प्रतिस्पर्धा बढाउन सक्छ । हाम्रो संस्कृतिको सुन्दर पक्ष त विपन्न र सम्पन्न, धनी र गरिब, गाउँ र सहर सबैलाई एउटै उत्सवमा जोड्नु हो । त्यसैले तीजलाई कसले कति खर्च गऱ्यो भन्ने प्रतिस्पर्धाभन्दा कसले कति आत्मीयता बाँड्यो भन्ने संस्कार बनाउन आवश्यक छ ।

तीजका गीतहरूमा पनि समयसँगै परिवर्तन आएको छ । विगतमा महिलाका पीडा, माइतीको सम्झना, सामाजिक असमानता र जीवनका यथार्थहरू गीतमा व्यक्त हुन्थे । आज मनोरञ्जन र आधुनिक संगीतको प्रभाव बढ्नु स्वाभाविक हो । तर मनोरञ्जनको नाममा अश्लीलता, व्यक्तिको चरित्रमाथि टिप्पणी, अस्वस्थ प्रतिस्पर्धा वा सामाजिक विकृतिलाई सामान्य बनाउने प्रवृत्तिलाई संस्कृति भनेर स्वीकार गर्नु हुँदैन । गीत, नृत्य र मनोरञ्जन संस्कृतिका सुन्दर अभिव्यक्ति हुन्, तर तिनमा पनि मर्यादा, सौन्दर्य र सामाजिक जिम्मेवारीको चेतना रहनुपर्छ ।



तीजसँग जोडिएको व्रत पनि आत्मसंयम र अनुशासनको अभ्यासका रूपमा बुझ्न सकिन्छ । व्रतको अर्थ केवल खाना वा पानी त्याग्नु होइन, केही समय आफ्ना इच्छा, इन्द्रिय र बाहिरी व्यस्ततालाई नियन्त्रण गर्दै आफूभित्र फर्किनु पनि हो । पूजा, ध्यान, भजन र आत्मचिन्तनले मानिसलाई मानसिक रूपमा शान्त र स्थिर बनाउन सक्छ । तर व्रतको आध्यात्मिक मूल्य शरीरलाई कष्ट दिनुमा होइन, मनलाई अनुशासित बनाउनुमा छ । सबै व्यक्तिको स्वास्थ्य अवस्था समान हुँदैन, त्यसैले निर्जला व्रत सबैका लागि अनिवार्य वा स्वास्थ्यका दृष्टिले लाभदायक हुन्छ भन्ने सोच राख्नु उचित हुँदैन । धर्मको उद्देश्य मानिसलाई जीवनप्रति जिम्मेवार र सन्तुलित बनाउनु हो ।

तीजको सबैभन्दा सुन्दर पक्ष यसको सामाजिक र सांस्कृतिक स्वरूप पनि हो । परम्परागत नेपाली समाजमा महिलाहरूका लागि आफ्ना भावना खुलेर व्यक्त गर्ने अवसर सधैं सहज थिएन । त्यस्तो परिवेशमा तीजका गीत महिलाका भावनाका प्रतिनिधि बने । माइतीको सम्झना, घरपरिवारका अनुभव, सुख-दुःख, पीडा, आशा, प्रेम र कतिपय अवस्थामा सामाजिक असमानताविरुद्धका आवाजसमेत तीजका भाकामा अभिव्यक्त भए । त्यसैले तीजका गीत केवल मनोरञ्जनका साधन होइनन्, नेपाली महिलाको सामाजिक इतिहासका मौखिक दस्तावेज पनि हुन् । आजको पुस्ताले यही परम्परालाई नयाँ चेतनासँग जोड्न आवश्यक छ । आजका तीज गीतमा केवल विगतका पीडा होइन, महिलाका शिक्षा, आत्मनिर्भरता, नेतृत्व, उद्यमशीलता, अधिकार, उपलब्धि र भविष्यका सपनाहरू पनि गुञ्जिनुपर्छ ।

तीजपछि आउने ऋषिपञ्चमी हाम्रो ज्ञान परम्परा र ऋषिमुनिप्रतिको कृतज्ञतासँग जोडिएको पर्व हो । यस दिन सप्तऋषिका रूपमा कश्यप, अत्रि, भारद्वाज, विश्वामित्र, गौतम, जमदग्नि र वसिष्ठको स्मरण र पूजा गर्ने परम्परा छ । ऋषिपञ्चमीको वास्तविक मर्मलाई केवल कर्मकाण्ड वा बाहिरी विधिमा सीमित गर्नुको सट्टा ज्ञानका पुर्खाप्रति सम्मान र कृतज्ञताको अवसरका रूपमा बुझ्न सकिन्छ । मानव सभ्यताको विकासमा ऋषिमुनिहरूले ज्ञान, दर्शन, संस्कार र जीवनपद्धतिका क्षेत्रमा पुऱ्याएको योगदानलाई सम्झनु हाम्रो सांस्कृतिक जिम्मेवारी हो । हामी वर्षभरि आफ्ना ज्ञानका स्रोत र अग्रजहरूलाई सम्झन नसके पनि वर्षमा एक दिन उनीहरूको योगदानप्रति कृतज्ञ हुनु आफैंमा सकारात्मक संस्कार हो ।

ऋषिपञ्चमीसँग जोडिएको रजस्वलाको विषय भने आजको चेतनाले अझ संवेदनशील रूपमा बुझ्नुपर्ने विषय हो । रजस्वला महिलाको प्राकृतिक जैविक प्रक्रिया हो । यसलाई अशुद्धता, अपराध वा पापसँग जोडेर महिलामाथि सामाजिक विभेद वा हीनताको भावना सिर्जना गर्नु उचित हुँदैन । हाम्रो परम्पराभित्र पनि रजस्वलालाई प्रकृतिको स्वाभाविक चक्रका रूपमा बुझ्ने विभिन्न व्याख्या पाइन्छन् । समयसँगै कतिपय धार्मिक र सामाजिक अभ्यासका अर्थ परिवर्तन हुँदै गए र कतिपय अवस्थामा मूल भावनाभन्दा फरक अर्थसमेत स्थापित भए । त्यसैले आजको आवश्यकता परम्परालाई अपमान गर्नु होइन, परम्पराभित्र रहेका मानवीय र सकारात्मक मूल्यलाई जोगाउँदै समयसँग नमिल्ने विभेदकारी अभ्यासलाई सुधार्नु हो ।

मानव सभ्यता कहिल्यै स्थिर रहेन । समयसँगै समाज बदलियो, परिवारको संरचना बदलियो, राज्य व्यवस्था निर्माण भयो, कानुन बने र धार्मिक तथा सामाजिक अभ्यासका व्याख्याहरू पनि परिवर्तन हुँदै गए । हिजो आवश्यक ठानिएको कुनै व्यवस्था आज आवश्यक नहुन सक्छ र आजको अभ्यास भविष्यमा अर्को स्वरूपमा विकसित हुन सक्छ । यसलाई परम्पराको विरोध भनेर बुझ्नु आवश्यक छैन । वास्तवमा परम्परा जीवित हुनु भनेकै समयसँग संवाद गर्दै परिवर्तन हुन सक्नु हो । नदी बगिरहँदा नदी नै रहन्छ, तर त्यसको पानी प्रत्येक क्षण नयाँ हुन्छ । संस्कृति पनि त्यस्तै हो । यसको मूल पहिचान रहन्छ, तर यसको अभिव्यक्ति समयअनुसार परिवर्तन भइरहन्छ ।

आज नेपाली समाजले तीज मात्र होइन, अन्य धेरै सामाजिक पर्व र संस्कार मनाउने क्रममा पनि बढ्दो उपभोक्तावाद र देखासिकीको प्रभाव सामना गरिरहेको छ । विवाहमा अनावश्यक खर्च र प्रतिस्पर्धा, जन्मदिनमा अत्यधिक प्रदर्शन, चाडपर्वमा ऋण लिएर खर्च गर्ने प्रवृत्ति, सामाजिक सञ्जालमा आफ्नो आर्थिक अवस्था प्रदर्शन गर्ने होड, खानपानमा अस्वस्थ प्रतिस्पर्धा र अरूको जीवनसँग आफ्नो जीवन तुलना गर्ने मानसिकता विस्तारै सामाजिक दबाबका रूपमा विकसित हुँदैछन् । हाम्रो समाजमा 'अरूले के भन्लान्?' भन्ने मानसिकताले कतिपय परिवारलाई आफ्नो वास्तविक क्षमताभन्दा माथि खर्च गर्न बाध्य बनाइरहेको छ । यसले आर्थिक बोझ मात्र बढाउँदैन, परिवारभित्र तनाव, असन्तुष्टि र सम्बन्धमा समेत असर पार्न सक्छ ।

हामीले विकासलाई उपभोग र प्रदर्शनसँग मात्र जोड्नु हुँदैन । वास्तविक विकास चेतनाको विकास हो । एउटा परिवारले आफ्नो क्षमताभित्र रहेर सन्तोषपूर्वक पर्व मनाउनु, छिमेकीसँग खुसी बाँड्नु, वृद्ध आमाबुबालाई सम्मान गर्नु, बालबालिकालाई संस्कार सिकाउनु र दुःखी तथा विपन्नलाई सहयोग गर्नु कुनै भड्किलो उत्सवभन्दा धेरै ठूलो सांस्कृतिक उपलब्धि हो । पर्वको मूल्य हामीले कति खर्च गऱ्यौं भन्नेमा होइन, कति प्रेम बाँड्यौं, कति सम्बन्ध जोड्यौं र कति सकारात्मक संस्कार आगामी पुस्तालाई हस्तान्तरण गऱ्यौं भन्नेमा हुनुपर्छ ।

यसैकारण आजको आवश्यकता हाम्रो सनातन संस्कृतिलाई त्याग्नु होइन, त्यसलाई समयअनुकूल परिष्कृत गर्नु हो । राम्रो कुरा ग्रहण गरौं, नराम्रो कुरा सुधारौं । आधुनिकताको उपयोग गरौं, तर आधुनिकताको नाममा आफ्नै मौलिकता नबिर्सौं । अरूको राम्रो कुरा सिक्नु गलत होइन, तर अन्ध देखासिकी गर्नु बुद्धिमानी होइन । विश्वका राम्रा संस्कारबाट सिकौं, तर आफ्नो सामाजिक यथार्थ र सांस्कृतिक पहिचानलाई पनि सम्मान गरौं । हामीले आफ्नै घरको दियो निभाएर अरूको घरको उज्यालो खोज्नु आवश्यक छैन ।

आजको तीजले महिलालाई केवल सजिने र रमाउने अवसर मात्र नदिई आत्मनिर्भरता, आत्मसम्मान, शिक्षा, स्वास्थ्य, उद्यमशीलता र नेतृत्वका विषयमा पनि सोच्ने अवसर दिनुपर्छ । पुरुषहरूले पनि तीजलाई महिलाको मात्र पर्व भनेर अलग राख्नुको सट्टा परिवार, समाज र संस्कृतिसँग जोडिएको साझा पर्वका रूपमा बुझ्नुपर्छ । महिलाको सम्मान केवल तीजको दिन रातो पहिरन र शुभकामनामा सीमित हुनु हुँदैन । दैनिक जीवनमा समान व्यवहार, निर्णयमा सहभागिता, सम्मान र अवसर प्रदान गर्नु नै वास्तविक सम्मान हो ।

त्यसैगरी ऋषिपञ्चमी मनाउँदा केवल पूजा र विधि पूरा गर्ने होइन, ज्ञानका पुर्खालाई सम्झने, अध्ययन र अनुसन्धानप्रति सम्मान गर्ने तथा नयाँ पुस्तालाई ज्ञानको महत्व बुझाउने अवसरका रूपमा लिन सकिन्छ । ऋषिपञ्चमीको सच्चा सम्मान त्यतिबेला हुन्छ, जब हामी ज्ञानलाई जीवनको आधार बनाउँछौं, प्रश्न गर्न सिक्छौं र सत्यको खोजीमा निरन्तर अघि बढ्छौं । श्रद्धा र विवेकबीचको सन्तुलन नै हाम्रो संस्कृतिको भविष्यका लागि महत्वपूर्ण छ ।

अन्ततः संस्कृति जोगाउनु भनेको पुराना सबै अभ्यासलाई जस्ताको तस्तै दोहोऱ्याउनु होइन । संस्कृतिको आत्मा पहिचान गरेर त्यसलाई समयअनुकूल जीवन्त राख्नु हो । तीजले हामीलाई पार्वतीको आत्मबल, प्रेम, धैर्य र संकल्प सम्झाओस् । तीजका गीतले महिलाको आवाजलाई अझ सशक्त बनाऊन् । हाम्रो उत्सवले देखासिकी, अनावश्यक खर्च र भड्किलो जीवनशैलीलाई होइन, आत्मीयता, सादगी र सामाजिक सद्भावलाई प्रोत्साहन गरोस् । ऋषिपञ्चमीले ज्ञानका पुर्खाप्रति कृतज्ञ हुन, अध्ययन गर्न र विवेकपूर्ण जीवन जिउन प्रेरणा देओस् ।

हामीले पर्वलाई परिवर्तन गर्ने होइन, पर्व मनाउने हाम्रो चेतनालाई परिवर्तन गर्नुपर्छ । आधुनिकता स्वीकार गरौं, तर मौलिकता नहराऊँ । परम्परा जोगाऔं, तर विकृतिलाई संस्कृतिको नाम नदिऔं । अरूबाट सिकौं, तर अन्ध देखासिकी नगरौं । खर्च गरौं, तर क्षमताभन्दा माथि गएर होइन । उत्सव मनाऔं, तर अरूलाई देखाउनका लागि होइन, आफ्ना मानिससँग खुसी बाँड्नका लागि । यही सन्तुलित दृष्टिकोणले मात्र हाम्रो सनातन संस्कृतिलाई समयसँगै अझ सुन्दर, मानवीय र जीवन्त बनाउन सक्छ ।

श्रद्धा रहोस्, तर विवेकसहित । परम्परा रहोस्, तर समयअनुकूल परिष्कारसहित । आधुनिकता आओस्, तर मौलिकताको सम्मानसहित । उत्सव रहोस्, तर देखासिकी र विकृतिबाट मुक्त भएर ।

यही चेतना आजको तीज र ऋषिपञ्चमीको सबैभन्दा ठूलो सन्देश बन्न सकोस् ।

हरितालिका तीज तथा ऋषिपञ्चमीको सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक मंगलमय शुभकामना ।

# विपत्मा बाल संरक्षणको सुनिश्चितता र बालबालिकाको लागि जलवायु न्याय



● मिलन घरेल

रसुवा बाढीबाट भएको विध्वंस र सिर्जित जनधनको क्षति तथा उत्पन्न विपत्को सम्बोधन विश्वव्यापी रूपमा चासोको विषय रहन पुग्यो । विश्व पर्यावरण र जलवायु परिवर्तनका विषयविज्ञ र अभियन्ता, भू-राजनीतिका विश्लेषक, मानवीय संकट व्यवस्थापनमा सक्रिय व्यक्तिहरू सबैले रसुवा बाढी र यसको प्रभवालाई नियाल्ने प्रयत्न गरे । यद्यपि, बालबालिकाका चासो, सरोकार, अधिकार, न्याय र संरक्षणका विषय भने फेरि पनि कल्याणकारी पपुलिस्ट अवधारणाबाट र मूलतः राहत र सहयोगापेक्षी मानवको सन्दर्भमा मात्र चिन्तन मनन भएको पाइन्छ ।

विपत्ले आमरूपमा प्रभावितहरूलाई सहयोगापेक्षी समूहको वर्गमा उतारे पनि यसको अधिकारमुखी दृष्टिकोण र चर्चा हुन जरुरी छ । प्रभावित बालबालिका केवल सहयोगापेक्षी समूह मात्र होइनन्, प्रभावित समुदायका एक जीवन्त हिस्सा हुन् । उनीहरूको व्यक्तित्व, अधिकार, पहिचान, न्याय र सुरक्षाका विषय सोहीअनुसार छलफल हुन जरुरी छ ।

६२औं बालदिवस 'बालपनको रक्षा, भविष्यको सुरक्षा' भन्ने सरकारी नाराका साथ मनाइरहँदा बालपनको रक्षा मात्र होइन, बालपनको स्विकारोक्ति, पहिचान र भविष्यको सुरक्षा मात्र होइन, वर्तमानको सम्बोधन अझ गहन बनेको छ । ६२ औं राष्ट्रिय बालदिवसको सन्दर्भमा बालबालिकाको लागि जलवायु न्याय, बाल संरक्षण र बालबालिकाको नागरिक राजनीतिक अधिकारलाई विपत्को सन्दर्भमा विश्लेषण गर्ने प्रयत्न यस लेखमा गरिएको छ ।

गत सातासम्मको उपलब्ध तथ्यांकलाई अध्ययन गर्दा भोटेकोसी, त्रिशुली नदी तटिय बस्तीहरूलाई विनाश गरेको बाढीले २२ हजारभन्दा बढी बालबालिकालाई प्रत्यक्ष रूपमा प्रभावित गरेको छ । यसका अतिरिक्त बेपत्ता र मृत्यु भएका व्यक्तिहरूको संख्या, प्रभावित क्षेत्रमा भएको विद्यालय, स्वास्थ्य संस्था, आवास, सडक, यातायात, सञ्चार, खानेपानी तथा सरसफाइलगायतका भौतिक पूर्वाधारहरूमा पुगेको क्षतिले निम्त्याएको संकट अत्यन्तै गम्भिर र चुनौतीपूर्ण रहेको छ । पछिल्लो समय थपिएको अर्को चुनौती विपत् पर्यटन, विपत् पपुलिज्म र अनियन्त्रित सामाजिक सञ्जालको बाढी रहेको छ । विपत्ले पुऱ्याएको क्षतिप्रति भावनात्मक संवेदनासहित राहत संकलन र वितरणका स्वतःस्फुर्त अभियानहरू आफैंमा सक्रिया सामुदायिक ऐक्यबद्धताको उदहारण हो, तर संकलन भएको राहत सामग्रीको वितरण, व्यवस्थापन, पारदर्शीता र त्यसको प्रचारप्रसार तथा त्यसको जसलिने होडबाजी भने विपत् आचारसंहिता र नैतिकताविपरीतका कार्यहरू हुन् । अझ राज्यका महत्त्वपुर्ण जिम्मेवारीमा रहेकाहरू नै विपत् पर्यटन गर्दै सामाजिक सञ्जालमा देखाएका हर्कतहरू आफैंमा लज्जास्पद छन् ।

विपत्का समयमा भएको मानवी संकट, प्रभावित समुदायका समस्याहरूलाई उजागर गर्नु सञ्चार माध्यमको कर्तव्य हो । तर, सामाजिक सञ्जालमा छरिएका बग्रेल्ती व्यक्ति लाञ्छित समाचारहरू, भिडियोहरू र रिलहरू र त्यसबाट हनन भएको व्यक्तिगत गोपनियता र मर्यादित व्यवहार तथा सम्बोधनको विषय भने गम्भीर बनेको छ । बालबालिकाको हकमा, उनका तस्वीर, सूचना र अवस्थाबारे जानकारीहरू बाहिरिँदा ओसार पसार, अनधिकृत संरक्षण तथा अनधिकृत संस्थाकरणका समस्याहरू बढ्ने जोखिमता देखिएको छ । यद्यपि, सरकारले बालबालिकाको अनधिकृत ओसारपसारलाई नियन्त्रण गर्न केही नीतिगत निर्णयहरू गरेको त छ, तर त्यसको प्रभावकारी कार्यान्वयन र अनुगमनमा भने सन्तुष्ट हुने ठाउँ छैन ।

यस सन्दर्भमा के हुनुपर्छ ? र के गर्न सकिन्छ ? जसले बालबालिकाको न्याय, पहिचन, संरक्षण र उनीहरूको तत्कालीन आवश्यकताको सम्बोधन गर्न सक्छ ? आजको मुख्य प्रश्न रहेको छ । यस सन्दर्भमा विपत् सम्बोधनमा गर्नुपर्ने र गर्न सकिने तत्कालीन कार्यहरू, बालबालिकाको अधिकार संरक्षण र सम्बर्द्धनमा लिइनुपर्ने राज्य दृष्टिकोण र विपत्का कारणहरूका सन्दर्भमा सुनिश्चित गरिनुपर्ने न्यायोचित व्यवस्थालाई मुख्य स्तम्भको रूपमा लिन सकिन्छ ।

विपत् सम्बोधनमा गर्नसकिने र गर्नुपर्ने कार्यहरू अन्तर्गत मूलतः राहतकेन्द्रीत अन्यौलताबाट माथि उठ्न जरुरी छ । हरेक विपत्मा पहिलो कार्य जीवन रक्षा हो । सुरक्षित स्थानान्तरणको सुनिश्चितता सँगसँगै बालबालिकाको लागि आवश्यक न्यूनतम आवश्यकता नाना, खाना, छानासँगै बिर्सनै नहुने विषय हो औषधि र संरक्षण व्यवस्थापन । विशेषगरी होल्डिङ सेन्टरमा देखिएको व्यवस्थापकीय अस्तव्यस्तता, किशोरीहरूको सुरक्षा असंवेदनशीलता र त्रासदीपूर्ण घटनाबाट उम्किएका बालबालिकाको मनोदशाको सम्बोधन तत्कालै गर्ने सन्दर्भ, टेन्ट, खाद्यान्न तथा लत्ता कपडाको राहतका सामु नजरअन्दाज गर्न मिल्ने विषय होइन ।

तसर्थ, राहतसँगै संरक्षण सुनिश्चितता पहिलो शर्त हो । यसका लागि बालबालिकासँगै परिवारबाहेकका व्यक्तिहरूको सम्पर्क, संवाद र सम्बन्धलाई नियन्त्रित गर्ने, लैंगिक संवेदनशील बसाइ व्यवस्थापन गर्ने, राहत प्रादन गर्ने व्यक्ति, संस्था समूहलाई अनिवार्य आचारसंहिताप्रति सचेत बनाउने र त्यसको पालनामा कडाइ गर्ने, राहत तथा उपलब्ध सामग्रीको पहुँचमा बालबालिकाको पहुँच सहजीकरण, प्राथमिकीकरण गर्न जरुरी छ ।

यस सन्दर्भमा विशेषगरी बालबालिकाको मनोदशा सम्हाल्नका लागि उत्थानशीलताका गतिविधिहरू सँगसँगै सञ्चालन गर्नुपर्छ । यस्ता गतिविधिहरू बालमैत्री र बाल संवेदनशील दक्ष व्यक्तिहरूबाट अन्तरक्रिया, संवाद, मनोविमर्श, सामूहिक क्रियाकलाप, सांस्कृतिक उपचारात्मक गतिविधि, योग व्यायमजस्ता कार्यहरू गर्न सकिन्छ । विपत्प्रभावित क्षेत्रका बालबालिकाको तस्वीर, भिडियो वा यस्तै श्रव्यदृश्य सामग्री बनाउने, अध्ययन अनुसन्धानका नाममा व्यक्तिगत विवरणहरू बारम्बार संकलन गर्ने कार्यलाई एकद्धार समन्वय प्रणालीबाट गरिनुपर्छ ।

विपत्का कारण बालबालिकाको सम्बोधन गर्नैपर्ने महत्त्वपुर्ण विषय भनेको पारिवारिक बिछोड भएका बालबालिकाको संरक्षण व्यवस्थापन हो । विपत्को अवस्थामा बालबालिका अस्थायी वा दीर्घकालीन रूपमा नै परिवारबाट अलग हुन सक्छन् । मूलतः अभिभावकको मृत्यु, बेपत्ता भएका कारण टुहुरा हुन पुगेका बालबालिकाको संख्या रसुवा बाढीमा उल्लेखनीय हुन सक्छ ।

रसुवा बाढीको सन्दर्भमा बालबालिकाहरू अस्थायी रूपमा परिवारबाट अलग हुनुपर्ने अन्य कारणहरू पनि रहेका छन् । सुरक्षित आवासको सुनिश्चितता नभएको अवस्था, पारिवारिक आर्थिक संकट गहिरिएको छ ।

# प्रतिवेदनमा सहमति जुटाउन एमाले कार्यदल काभ्रेमा



काठमाण्डु । पार्टी शुद्धीकरण, सुदृढीकरण, रूपान्तरण र पुनर्गठनका लागि गठित कार्यदलको प्रतिवेदनमाथि उत्पन्न विवाद मिलाउन नेकपा (एमाले) का नेताहरू आवासीय बैठकमा व्यस्त छन् ।

गत फागुन २१ गतेको निर्वाचनमा पार्टीको पराजयलगायतको समीक्षा गरेर पार्टी र जनताको सम्बन्ध सुधारका लागि आवश्यक रूपान्तरण र पुनः गठनका लागि सुझाव दिन गठित सो कार्यदलमा रहेका पदाधिकारीहरू काभ्रेपलाञ्चोकमा आवासीयरूपमा रहेर छलफल गरिरहेको जनाइएको छ ।

एमालेका केन्द्रीय प्रचार तथा प्रकाशन विभागका प्रमुख नीरज आचार्यका अनुसार शनिबार बैठकका लागि त्यता जानुभएका नेताहरू छलफल सकेर आइतबार काठमाडौं फर्कनुहुनेछ ।

पार्टी शुद्धीकरण, सुदृढीकरण, रूपान्तरण र पुनः गठनका लागि गठित कार्यदलले प्रदेशगतरूपमा सुझाव लिएपछि कार्यदलका लागि महासचिव शङ्कर पोखरेलबाट तयार गरिएको प्रतिवेदनमा पार्टीका उपाध्यक्ष एवं संयोजक रामबहादुर थापाको फरक प्रतिवेदन तयार भएपछि विवाद उत्पन्न भएको थियो । महासचिव पोखरेलको प्रतिवेदनमा अधिकांश नेताहरूको सहमति रहेको जनाइए पनि कार्यदलमा सर्वसम्मत प्रतिवेदन तयार गर्ने समझदारी भएकाले अरु छलफल गरिएको हो ।

गत जेठ १० गते सम्पन्न एमालेको सचिवालयको आठौं बैठकले उपाध्यक्ष थापाको संयोजकत्वमा १५ सदस्यीय कार्यदल गठन गरेको थियो । गत जेठ २६ गते पार्टीका अध्यक्ष केपी शर्मा ओलीको उपस्थितिमा भएको कार्यदलको पहिलो बैठकले प्रदेशगत रूपमा सुझाव लिने कार्यतालिका बनाएको थियो ।

गत शुक्रबारको बैठकमा दुई फरक फरक प्रतिवेदन प्रस्तुत भएपछि सबै विषय समेटेर एकै प्रतिवेदन बनाएर सचिवालयको बैठकमा पेस गर्ने कार्यदलको तयारी छ ।

भोटेकोशी बाढीपछिको अवस्थामा एमालेको केन्द्रीय कमिटीको तेस्रो पूर्ण बैठक आगामी असोज ५,६ र ७ गतेका लागि तोएिकाले कार्यदललाई प्रतिवेदन अन्तिम रुप दिने प्रयास जारी रहेको जनाइएको छ । रासस

# वाइसीएलद्वारा बाढी पीडितका अस्थायी आवास निर्माण शुरु

**टुडे समाचारदाता**

काठमाण्डु । बाढी प्रभावित क्षेत्रमा सक्रिय रहेको योंग कम्युनिस्ट लिग(वाइसीएल)ले पीडितहरूको अस्थायी आवास निर्माण काम कार्य शुरु गरेको छ । भदौ १० गते भोटेकोशी र त्रिशूलीमा आएको विनाशकारी बाढी आएसँगै वाइसीएलले ६०० स्वयंसेवक उद्धार तथा राहत कार्यमा नियमित परिचालन गरेको थियो ।



प्रभावित क्षेत्रमा बेपत्ताको खोजी तथा उद्धारसँगै घाइतेहरूको उपचार, खाद्यान्न तथा आवश्यक राहत सामग्री उपलब्ध गराउने र प्रभावित परिवारको गास, बास तथा अन्य आवश्यकतामा सहयोग गर्ने काम गरिरहेको थियो । तर, बाढी प्रभावित क्षेत्रमा खोजी, उद्धार र राहत वितरणसँगै अब अस्थायी आवास निर्माणमा काम गरिरहेको अध्यक्ष पुष्प ओलीले बताए ।

'आजको दिनसम्म पनि पीडित परिवारको घर सरसफाइ हुन् सकिरहेको छैन भने बस्ने वासको टुङ्गो छैन यही समस्यालाई मध्यनजर गर्दै अस्थायी आवास निर्माणको आवश्यकता परेको हो', उनले भने, 'राहत वितरण सँगसँगै धादिङ र नुवाकोटका घरहरू सरसफाइ गरिरहेको छ , स्थानीय बासीहरूकै सुझाव अनुसार अस्थायी आवास निर्माण पनि सुरु गरेको छ।'

उनका अनुसार पहिले चरणमा नुवाकोटको बेलकोटगढि नगरपालिका वार्ड नम्बर ७ को ठुलो खोला , लामोस्वती , रातमाटे , माहादेव फाट का प्रभावित परिवारको लागि १५० वटा अस्थायी आवास निर्माण हुने छन् । ओलीले अरू जान नसकेको र गर्न नसकेको काम वाइसीएलले गरेको दाबी गरे ।

उनले भने, 'अन्यले गर्न नसकेको काम हामीले गरिरहेका छौं । वैकल्पिक सडक हुँदै कठिन भूगोल र मौसमी प्रतिकुलता पार गर्दै रसुवामा अति आवश्यक सामग्रीहरू ग्यास, पेट्रोल, सोलार लाइट, चामल, नुन, तेल, दाल, पावर बैंक, मोबाइल सेटहरू, सेनिटरी प्याड, म्याट्रेस लगायत सामग्री लगेर पुग्यौं ।

नुवाकोटको त्रिशूली पारी सडक सञ्जाल विच्छेद भए पश्चात धादिङको बाटो कठिन भूगोल पार गर्दै विदुर नगरपालिकाका अति नै प्रभावित वडाहरू ७,८ र ९ त्यहाँ आवश्यक परेका सामग्रीहरू सिरक, डसना, तन्ना लगायत, औषधिहरू, स्टेसनरी सामग्री, म्याट्रेस खाद्यान्न सामग्री चप्पलहरु, बच्चाको कपडाहरु सहित पुग्यौं ।

पार्टी संयोजक प्रचण्डको निर्देशन र स्थानीय आवश्यकता अनुसार काम भइरहेको अध्यक्ष ओलीले बताए । अभियान मार्फत बाढी पीडितहरूलाई खाना पकाउने ग्यास, खाद्यान्न उपलब्ध गराइरहेको छ, चरम ग्यास अभावका बाबजुद सीमित श्रोत, साधन, केन्द्र सरकारको असहयोग लगायतका प्रतिकुलताका बाबजुद सांगठनिक जनसम्पर्क केहि सहयोगी दाताहरूको सहयोग मार्फत काम गरिरहेको ओलीले बताए ।

# नेपाल-चीन सम्बन्धलाई अझ उन्नत बनाउनुपर्नेमा पूर्वप्रम खनालको जोड



काठमाण्डु । पूर्वप्रधानमन्त्री झलनाथ खनालले नेपाल-चीन सम्बन्धलाई बहुआयामिक क्षेत्रमा विकास गर्नुपर्नेमा जोड दिनुभएको छ ।

'फाउण्डेसन फर पिस, डेभलपमेन्ट एण्ड सोसलिजम' द्वारा राजधानीमा आयोजित दुईदिने 'काष्ठमण्डप डाइलग' तेस्रो शृंखलाको आज समापन गर्दै उहाँले तीव्र आर्थिक, वैज्ञानिक तथा प्राविधिक विकास गरिरहेको चीनबाट नेपालले लाभ लिनसक्नुपर्ने बताउनुभयो ।

नेपाली कम्युनिष्ट पार्टीका नेता खनालले दुई देशबीचको सम्बन्धलाई अझ समुन्नत बनाउँदै लैजानुपर्नेमा जोड दिनुभयो । नेपाल-चीन सम्बन्धका लागि बदलिँदो अन्तरराष्ट्रिय तथा क्षेत्रीय वातावरण', 'पार्टी निर्माण र सुशासनका अनुभव आदानप्रदान', 'व्यावहारिक सहयोगः भूराजनीति, व्यापार र कनेक्टिभिटी', 'जलवायु उत्थानशीलता र सीमापार जोखिम घटाउने', 'नेपाल-चीन सांस्कृतिक तथा जनस्तरको सहयोग' र 'युवाको भूमिका : अर्को पुस्ताको मित्रता निर्माण' बारेमा विचार आदानप्रदान भएको थियो । रासस

# प्राप्त सुझावलाई प्राथमिकतामा राखेर काम गर्छौं: मन्त्री पोखरेल



सप्तरी । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले मधेशका जिल्लाका विद्यार्थी, अभिभावक, जनप्रतिनिधि तथा शिक्षाकर्मीबाट आएको सुझावलाई प्राथमिकतामा राखेर अघि बढ्ने बताउनुभएको छ ।

सुझाव संकलन गर्न राजविराजस्थित रहेको केशो अनिरूद्ध बति माध्यमिक विद्यालय राजविराज पुग्नुभएका मन्त्री पोखरेलले सप्तरीसहित मधेशका जिल्लाका विद्यालय पुगेर स्थलगत निरीक्षण गरी विद्यार्थी, अभिभावक, शिक्षक, जनप्रतिनिधिको सुझाव लिएर काम अघि बढाइने बताउनुभयो ।

उहाँले भन्नुभयो, "जिल्लाअनुसार मौखिक र लिखित फाराम दिएर सुझाव सङ्कलन गर्दैछौं । प्राप्त सुझावलाई प्राथमिकतामा राखेर कामको गति अगाडि बढाउने योजना छ ।"

तीन दिनदेखि मधेस प्रदेशको यात्रामा रहेको जानकारी दिँदै मन्त्री पोखरेलले नयाँ पाठ्यक्रम निर्माण गर्ने, नयाँ शिक्षा ऐन नियमावली बन्ने क्रममा यथार्थमा आधारित सुझाव लिएर नयाँ पाठ्यक्रम बनाउने योजना रहेको बताउनुभयो । नयाँ पाठ्यक्रम कसरी बनाउने के भइदिएको भए हुने थियो ? भन्ने विषयमा सुझाव माग्दा सीपमा आधारित शिक्षा हुनुपर्ने सुझाव आएको उहाँले बताउनुभयो ।

स्थलगत समस्या बुझेपछि समस्या समाधान गर्न सहज हुने भएकाले अन्य प्रदेशमा पनि सुझाव संकलन गरिने मन्त्री पोखरेलले बताउनुभयो ।

मधेश प्रदेश कृषि विश्वविद्यालयका रजिस्ट्रार डा भगवान ठाकुरको टोलीले मन्त्री पोखरेललाई प्रादेशिक विश्वविद्यालयलाई केन्द्रीय विश्वविद्यालयसरह,विश्वविद्यालय अनुदान आयोगलगायत अन्य निकायसँग सहयोग समन्वय तथा एकीकृत प्रवेश परीक्षा र प्रदेशमा खोलिने कृषि कलेजलाई यसै विश्वविद्यालयअन्तर्गत समावेश गर्न ज्ञापनपत्र बुझाउनु भएको थियो ।

# कांग्रेस इतर समूहले खटाए जिल्लाहरूमा केन्द्रीय प्रतिनिधि

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको संस्थापनइतर पक्षले १५ औं महाधिवेशनअन्तर्गत वडा अधिवेशनलगायत गर्न जिल्लाहरूमा केन्द्रीय प्रतिनिधि खटाएका छन् ।

निवर्तमान सभापति शेरबहादुर देउवा पक्षले १५ औं महाधिवेशन तयारी समिति बनाएर समानान्तर गतिविधि गरेका छन् ।

पूर्वमहामन्त्री शशांक कोइराला संयोजक रहेको समितिले समानान्तर महाधिवेशन गर्न कार्यतालिका जारी गरिसकेको छ ।

यसअनुसार असोज १५ गते वडा अधिवेशनको कार्यतालिका रहेको जनाइएको छ ।

केन्द्रीय प्रतिनिधिहरू जिल्ला पुगेर विभिन्न समितिहरू गठन गर्न भूमिका खेल्नेछन् र अधिवेशन कार्यहरू प्रारम्भ गरिने बताइएको छ ।

तेह्रथुममा केन्द्रीय प्रतिनिधि बनाइएकी पूर्वमन्त्री सीता गुरूङले भने अहसमति जनाएकी छन् । उनले कांग्रेस चुनाव चिह्न र चार तारे झण्डा जता छ आफू त्यहीं रहने उल्लेख गरेकी छन् ।

देउवा समूहले गर्न लागेको अधिवेशनमा निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्का भने सहभागी नहुने भएको छ ।

## सिंहदरबारबाट कक्षाकोठासम्मः

# समयसापेक्ष शिक्षा नीति आवश्यक

काठमाण्डु । नेपाल सरकारले 'विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप-२०७६' परिमार्जनका लागि अहिले देशभरबाट सुझाव तथा पृष्ठपोषण सङ्कलन गरिरहेको छ । पाठ्यक्रमलाई समयसापेक्ष, व्यावहारिक, जीवनोपयोगी र विद्यार्थीमैत्री बनाउने उद्देश्यले सुरु गरिएको यो प्रक्रिया केवल औपचारिक सुझाव संकलनमा सीमित नरहेर विद्यालय तहको वास्तविक अवस्था बुझ्ने प्रयासका रूपमा अघि बढेको छ ।

पाठ्यक्रम विकास केन्द्रअन्तर्गत गठित राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन कार्यदलले सातै प्रदेशका २८ जिल्लामा पुगेर शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, अभिभावक, शिक्षाविद्, नीतिनिर्माता, स्थानीय तह तथा अन्य सरोकार भएका निकायका प्रतिनिधिसँग प्रत्यक्ष संवाद गरिरहेको छ ।

कार्यदलको सात वटा टोलीले भदौ ३० गतेसम्म स्थलगत क्षेत्रमा खटिएर सुझाव सङ्कलन गर्ने र त्यसपछि ७७ वटै शिक्षा विकास तथा समन्वय एकाइ तथा केन्द्रको वेबसाइटमार्फत पनि आवश्यक रायसुझाव लिने तयारी गरेको छ ।

राष्ट्रिय पाठ्यक्रम तथा मूल्याङ्कन परिषद्को ९८औं बैठकको निर्णयअनुसार गत वैशाखमा प्राडा बालचन्द्र लुइँटेलको संयोजकत्वमा राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन कार्यदल गठन गरिएको थियो । कार्यदलअन्तर्गत १२ वटा विषयगत समूह छन् । यसले अहिले भइरहेको प्रक्रिया आकस्मिक राजनीतिक कार्यक्रमभन्दा संस्थागत प्रक्रियाका रूपमा अगाडि बढाएको छ ।

यस अभियानमा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल आफैं विभिन्न जिल्लामा पुगेर सरोकार भएका निकायका प्रतिनिधिसँग प्रत्यक्ष संवाद गरिरहनुभएको छ । मधेस प्रदेशका धनुषा, महोत्तरी, सिराहा, सप्तरीलगायत जिल्लामा पुगेर उहाँले शिक्षक, विद्यार्थी, अभिभावक तथा स्थानीय सरोकार भएका निकायका प्रतिनिधिसँग छलफल गरी समस्या बुझ्ने र सुझाव सङ्कलन गरिरहनुभएको छ ।

तर पाठ्यक्रम परिमार्जनको प्रश्न पाठ्यपुस्तकमा कुन विषय थप्ने वा हटाउने भन्नेमा मात्र सीमित छैन । आजको शिक्षा प्रणालीले शिक्षण विधि कस्तो बनाउने, विद्यार्थीलाई कसरी सक्रिय सिकाइमा जोड्ने, शिक्षकका समस्या कसरी समाधान गर्ने र विद्यालय शिक्षालाई प्रविधि तथा रोजगारीको बदलिँदो संसारसँग कसरी जोड्ने भन्ने प्रश्नको समेत जवाफ खोज्नुपर्छ ।

कृत्रिम बुद्धिमत्ता (एआई)को तीव्र विकासले शिक्षाको परम्परागत ढाँचामाथि नै प्रश्न सिर्जना गरेको छ । विद्यार्थीले अब पाठ्यपुस्तकबाट सूचना मात्र प्राप्त गर्नुका साथै सूचना पहिचान गर्ने, विश्लेषण गर्ने, सिर्जनात्मक रूपमा प्रयोग गर्ने र प्रविधिको जिम्मेवार उपयोग गर्ने सीप पनि सिक्नुपर्ने आवश्यकता छ ।




उद्यमशीलता, व्यावसायिक सीप र रोजगार बजारको बदलिँदो स्वरूपसँग विद्यालय शिक्षालाई जोड्नु पनि चुनौती बनेको राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन कार्यदलका संयोजक प्राडा लुइँटेलले बताउनुभयो । उहाँका अनुसार यी प्रश्नको जवाफ काठमाडौंका बैठक र प्रतिवेदनले मात्र दिन सक्दैनन् । त्यसका लागि कक्षाकोठामै पुग्नुपर्छ ।

**सिराहाको घटनाले उठाएको प्रश्न**

पाठ्यक्रम परिमार्जनका लागि भइरहेको प्रत्यक्ष संवादका क्रममा सिराहाको औरही गाउँपालिकामा भएको एउटा घटनाले भने केही समय मूल विषयलाई ओझेलमा पारिदिएको शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाले बताउनुभयो ।

"सुझाव सङ्कलनका क्रममा विभिन्न सरोकारवालाले आफ्ना धारणा राखेपछि मन्त्रीले सम्बोधन सुरु गर्नुभएको थियो । त्यस क्रममा आफूहरूले पनि बोल्न पाउनुपर्ने मागसहित केहीबेर होहल्ला भएको दृश्य सार्वजनिक भयो । त्यसपछि मन्त्री कार्यक्रमबाट बाहिरिनुभएको सामाजिक सञ्जाल र सञ्चारमाध्यममा चर्चाको विषय बन्यो", उहाँले भन्नुभयो । कतिपयले घटनामा मन्त्रीलाई कार्यक्रमबाट 'लखेटिएको' अर्थमा प्रस्तुत गरे पनि वास्तविकता त्यस्तो नभएको उहाँको भनाइ छ ।

मन्त्री पोखरेलले भने सामाजिक सञ्जालमार्फत घटनाको वास्तविकता फरक रहेको स्पष्ट पार्नुभयो । उहाँका अनुसार कार्यक्रमको निर्धारित छलफल पूरा भएपछि टोली अर्को कार्यक्रममा अघि बढेको थियो । त्यसपछि सोही जिल्लामा फरक क्षमता भएका विद्यार्थी अध्ययन गर्ने आवासीय विद्यालय तथा मदरसामा पुगेर त्यहाँका समस्या र सुझाव सङ्कलन गरिएको उहाँको भनाइ छ ।

यो घटनाले भने शिक्षा सुधारका कार्यक्रममा संवादको संस्कृतिबारे एउटा महत्वपूर्ण प्रश्न उठाएको छ । लोकतन्त्रमा मन्त्रीसँग प्रश्न गर्न पाइन्छ । सरकारका नीतिमाथि असहमति जनाउन पाइन्छ । आफ्ना समस्या र धारणा राख्न माग गर्न पनि पाइन्छ । तर अधिकारसँगै संवादको मर्यादा कायम गर्ने दायित्व पनि उत्तिकै महत्त्वपूर्ण हुने प्रमुख सल्लाहकार झाले बताउनुभयो ।

शिक्षा सुधारजस्तो विषयमा त बहस झन् आवश्यक हुन्छ । पाठ्यक्रमको भार घटाउने कि नघटाउने ?, परीक्षा प्रणाली परिवर्तन गर्ने कि नगर्ने ?, प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय तहदेखि कसरी जोड्ने ?, एआईलाई शिक्षामा अवसरका रूपमा कसरी प्रयोग गर्ने ?, शिक्षकको क्षमता कसरी बढाउने ?, ग्रामीण र सहरी विद्यालयबीचको गुणस्तरीय खाँडल कसरी कम गर्ने ? लगायत प्रश्नमा फरक मत आउनु स्वाभाविक रहेको प्राडा लुइँटेलले धारणा राख्नुभयो ।

**मधेशका विद्यालय शिक्षामा आँनै चुनौती**

नेपालको विद्यालय शिक्षाको चुनौती सबै ठाउँमा समान नभएको शिक्षामन्त्रीका प्रमुख सल्लाहकार झाले बताउनुभयो । हिमाली जिल्लाको विद्यालयले भोग्ने समस्या र मधेसको विद्यालयको समस्या फरक हुनसक्छ ।

सहरी क्षेत्रका विद्यार्थीले पाउने प्रविधिको पहुँच र दुर्गम क्षेत्रका विद्यार्थीको अवस्था एउटै छैन ।

मधेश प्रदेशमा विद्यालय शिक्षाको गुणस्तर, विद्यार्थीको पहुँच, विद्यालय छाड्ने समस्या, पूर्वाधार, शिक्षक व्यवस्थापन तथा प्राविधिक शिक्षाको पहुँचजस्ता विषयमा विशेष ध्यान आवश्यक छ । त्यसैले त्यहाँ भइरहेको प्रत्यक्ष संवादको महत्व अझ बढी देखिएको उहाँले बताउनुभयो ।

मन्त्री पोखरेलले मधेश प्रदेशमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत इन्जिनियरिङ अध्ययन संस्थानको नयाँ क्याम्पस स्थापना गर्ने पहल अघि बढाइएको बताउनुभयो । मधेसका विद्यार्थीलाई इन्जिनियरिङ अध्ययनका लागि काठमाण्डु वा अन्य प्रदेशमा जानुपर्ने बाध्यता कम गर्ने उद्देश्यले उपयुक्त स्थान छनोटका लागि अध्ययन समिति गठन गर्ने र आगामी तीन वर्षभित्र पठनपाठन सुरु गर्ने तयारी भइरहेको उहाँको भनाइ छ ।

यस्तो पहल कार्यान्वयन भयो भने त्यसको महत्व एउटा नयाँ क्याम्पस थपिनुमा मात्र सीमित हुनेछैन । यसले उच्च शिक्षाको भौगोलिक पहुँच विस्तार गर्नुका साथै प्राविधिक जनशक्ति उत्पादन, स्थानीय अनुसन्धान र नवप्रवर्तनको वातावरण निर्माणमा योगदान पुऱ्याउन सक्छ ।

> मधेश प्रदेशमा विद्यालय शिक्षाको गुणस्तर, विद्यार्थीको पहुँच, विद्यालय छाड्ने समस्या, पूर्वाधार, शिक्षक व्यवस्थापन तथा प्राविधिक शिक्षाको पहुँचजस्ता विषयमा विशेष ध्यान आवश्यक छ । त्यसैले त्यहाँ भइरहेको प्रत्यक्ष संवादको महत्व अझ बढी देखिएको उहाँले बताउनुभयो ।

**नीति सिंहदरबारमा, प्रभाव कक्षाकोठामा**

नेपालको शिक्षा नीति निर्माणमा लामो समयदेखि एउटा समस्या देखिँदै आएको छ । नीति निर्माणको केन्द्र र कार्यान्वयनको क्षेत्रबीचको दूरी रहनु मुद्दय चुनौतीका रूपमा देखिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन कार्यदलका संयोजक प्राडा लुइँटेलले बताउनुभयो । सिंहदरबारमा नीति बन्यो, निर्देशिका बन्यो र कार्यान्वयनका लागि स्थानीय तह तथा विद्यालयमा पठाइयो। तर त्यो नीति कार्यान्वयन गर्ने शिक्षक, विद्यालय र विद्यार्थीले के भोगिरहेका छन् भन्ने कुरा नीति निर्माणको तहमा पर्याप्त रूपमा पुग्न सकेन भन्ने गुनासो बारम्बार सुनिँदै आएको छ ।

**विद्यालय शिक्षा कागजमा मात्र चल्ने विषय होइन**

काठमाडौंको एउटा बैठकमा बनाइएको पाठ्यक्रम सिराहाको एउटा विद्यालयमा पुग्दा त्यसको अर्थ बदलिने प्राडा लुइँटेलको भनाइ छ । "एउटै देशभित्र भाषा, भूगोल, आर्थिक अवस्था, सामाजिक संरचना र अवसरमा ठूलो विविधता छ । त्यसैले, राष्ट्रिय पाठ्यक्रममा राष्ट्रिय चरित्र कायम राख्दै स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने पर्याप्त लचकता आवश्यक छ", उहाँले भन्नुभयो ।

यस अर्थमा स्थलगत क्षेत्रमा पुगेर सुझाव सङ्कलन गर्ने अहिलेको अभ्यास सकारात्मक सुरुवातका रूपमा रहेको संयोजक लुइँटेलले बताउनुभयो । तर यसको वास्तविक परीक्षा सुझाव सङ्कलनमा होइन, सङ्कलित सुझावमध्ये कति कुरा अन्तिम पाठ्यक्रममा समेटिन्छन् भन्नेमा हुने उहाँको भनाइ छ ।

"मन्त्री वा मन्त्रालयले कति जिल्ला भ्रमण गऱ्यो भन्नेभन्दा महत्वपूर्ण विषय ती भ्रमणबाट के सिकियो भन्ने हो । कति सुझाव सङ्कलन भयो भन्नेभन्दा महत्वपूर्ण कुरा ती सुझावले नीतिमा कस्तो परिवर्तन ल्याए भन्ने हो", उहाँले भन्नुभयो ।

**परिणामले देखाउनेछ सुधारको दिशा**

शिक्षा सुधार भाषणबाट होइन, परिणामबाट प्रमाणित हुनुपर्ने प्राडा लुइँटेलले जोड दिनुभयो । विद्यार्थीले विद्यालयमा सिकाइप्रति रुचि देखाउन थाले कि थालेनन् ?, शिक्षकलाई पढाउन सहज भयो कि भएन ?, अभिभावकले आफ्ना बालबालिकाको शिक्षामा परिवर्तन महसुस गरे कि गरेनन् ?, विद्यालयबाट निस्किएको विद्यार्थीले सिकेको ज्ञान र सीपलाई जीवन तथा रोजगारीमा प्रयोग गर्न सक्यो कि सकेन ? लगायत विषय महत्त्वपूर्ण हुने उहाँको भनाइ छ ।

अन्ततः सरकार र शिक्षा मन्त्रालयको मूल्याङ्कन यिनै प्रश्नबाट हुनेछ । त्यसैले सिराहाको एउटा कार्यक्रमको घटनालाई राजनीतिक आरोप-प्रत्यारोपको विषय बनाइरहनुभन्दा त्यसले उठाएको ठूलो प्रश्नतर्फ फर्किन आवश्यक छ । नेपालको शिक्षा नीति साँच्चिकै विद्यालय र विद्यार्थीको आवाज सुनेर बन्ने हो कि फेरि पनि सिंहदरबारमै बसेर तयार हुने हो ? भन्ने विषय महत्त्वूर्ण रहन्छ ।

अहिले सुरु भएको सुझाव तथा पृष्ठपोषण सङ्कलनले पहिलो बाटो रोज्ने अवसर दिएको छ ।

तर यो अवसरलाई परिणाममा बदल्न सरकारको प्रतिबद्धता मात्र पर्याप्त हुँदैन । शिक्षक, विद्यार्थी, अभिभावक, स्थानीय सरकार, शिक्षाविद् र राजनीतिक दल सबैको रचनात्मक सहभागिता आवश्यक हुन्छ ।

शिक्षामा परिवर्तन एक दिनमा आउँदैन । एउटा मन्त्रीको कार्यकालले मात्र पनि त्यसलाई पूरा गर्न सक्दैन । तर सही दिशामा सुरु गरिएको एउटा प्रक्रिया भने पुस्तौंसम्म प्रभाव पार्न सक्छ । त्यसैले अहिलेको बहस कुनै व्यक्ति विशेषको पक्ष वा विपक्षमा होइन, हाम्रा विद्यालय कस्ता हुने, हाम्रा विद्यार्थीले के सिक्ने र आगामी पुस्तालाई कस्तो शिक्षा दिने भन्ने विषयमा केन्द्रित हुनुपर्छ । रासस

# विश्वव्यापी आपूर्ति दबाबबीच सिरियामा इन्धनको मूल्य बढ्यो

एएफपी । विश्वव्यापी रूपमा ऊर्जा तथा ढुवानी लागत बढेको र आन्तरिक परिष्करण क्षमतामा कमी आएको भन्दै सिरियाले आइतबार इन्धन तथा खाना पकाउने ग्यासको मूल्य अस्थायी रूपमा वृद्धि गरेको छ।

पेट्रोलियम पदार्थ तथा खनिज स्रोतको मूल्य निर्धारणसम्बन्धी स्थायी समितिले जारी गरेको नयाँ मूल्यसूचीअनुसार, ९५-अक्टेन पेट्रोलको मूल्य प्रतिलिटर १५२ सिरियन पाउन्डबाट बढाएर १९५ पाउन्ड पुऱ्याइएको छ । यो २८ दशमलव तीन प्रतिशतको वृद्धि हो ।

त्यस्तै, ९०-अक्टेन पेट्रोलको मूल्य प्रतिलिटर १४७ बाट १८५ पाउन्ड पुगेको छ, जुन २५ दशमलव नौ प्रतिशत वृद्धि हो । डिजेलको मूल्य भने प्रतिलिटर १२५ बाट बढाएर १७५ पाउन्ड पुऱ्याइएको छ, यो ४० प्रतिशतको वृद्धि हो ।

खाना पकाउने ग्यासको मूल्य पनि बढाइएको छ । घरायसी प्रयोजनको ग्यास सिलिन्डरको मूल्य एक हजार ४७० बाट एक हजार ६०० पाउन्ड पुगेको छ, जुन आठ दशमलव आठ प्रतिशत वृद्धि हो ।

ऊर्जा मन्त्रालयले मूल्य वृद्धि अस्थायी रहेको जनाएको छ । मन्त्रालयका अनुसार अन्तरराष्ट्रिय बजारबाट पेट्रोलियम पदार्थ खरिद गर्दा लागत असामान्य रूपमा बढ्नुका साथै देशको प्रमुख इन्धन आपूर्तिकर्तामध्ये एक 'बानियास रिफाइनरी'मा भइरहेको व्यापक मर्मतसम्भारका कारण मूल्य समायोजन गर्नुपरेको हो ।

यो मूल्य वृद्धि सेप्टेम्बर ४ को समायोजनको एक साताभन्दा केही समयपछि आएको हो । त्यसबेला पेट्रोल र डिजेलको मूल्य प्रतिलिटर पाँच पाउन्डले बढाइएको थियो भने घरायसी तथा औद्योगिक ग्यासको मूल्य यथावत् राखिएको थियो ।




# पिनोचेको तानाशाहीविरुद्ध प्रदर्शनमा चिलीमा २८४ पक्राउ



एएफपी । चिलीमा पूर्वसैन्य शासक अगस्टो पिनोचेको तानाशाहीका पीडितहरूको स्मरणमा आयोजित प्रदर्शनका क्रममा २८४ जना पक्राउ परेका छन् । सरकारले शनिबार यसको जानकारी दिएको हो ।

सन् १९७३ देखि १९९० सम्म चलेको पिनोचेको शासनले चिलीमा गहिरो राजनीतिक र सामाजिक घाउ छोडेको थियो । शासनको अन्त्यपछि पहिलोपटक यस वर्ष उक्त अवधिको सम्झनामा सरकारले कुनै आधिकारिक कार्यक्रम आयोजना नगरेको बताइएको छ ।

राष्ट्रपति जोसे एन्टोनियो कास्टले इतिहासलाई मेट्न नसकिने बताउँदै देशले विगतबाट पाठ सिकेर भविष्यतर्फ अघि बढ्नुपर्ने धारणा व्यक्त गर्नुभयो । कास्टलाई मार्चमा पदभार सम्हालेका पिनोचेपछिका चिलीका पहिलो अति-दक्षिणपन्थी राष्ट्रपतिको रुपमा हेरिन्छ ।

पिनोचेको शासनकालमा तीन हजार २०० भन्दा बढी मानिस मारिएका वा बेपत्ता पारिएका थिए भने हजारौँलाई यातना दिइएको वा जेलमा राखिएको थियो ।

समाजवादी राष्ट्रपति साल्भाडोर एलेन्डेको सरकारविरुद्ध पिनोचेको नेतृत्वमा ११ सेप्टेम्बर १९७३ मा भएको सैन्य 'कू'को सम्झनामा चिलीमा हरेक वर्ष प्रदर्शन हुँदै आएको छ ।

यस वर्षका प्रदर्शनमा केही प्रदर्शनकारीले दङ्गा नियन्त्रण प्रहरीमाथि लाठी र ढुङ्गा प्रहार गरेका थिए । प्रहरीले अश्रुग्यास र पानीको फोहरा प्रयोग गरेर उनीहरूलाई नियन्त्रणमा लिने प्रयास गरेको थियो ।

सार्वजनिक सुरक्षामन्त्री मार्टिन अराउले 'एक्स'मार्फत बिहीबार र शुक्रबार गरी २८४ जना पक्राउ परेका जानकारी दिनुभयो ।

उहाँका अनुसार यो सङ्ख्या अघिल्लो वर्षको तुलनामा ८० प्रतिशत बढी हो । पक्राउ पर्नेमा १६ विदेशी नागरिक र ३१ नाबालिग पनि छन् । प्रदर्शनका क्रममा १९८ वटा हिंसात्मक घटना भए पनि सर्वसाधारण घाइते नभएको उहाँले बताउनुभयो ।

सान्टियागोको 'जेनेरल सिमेट्री'मा भएको प्रदर्शन सबैभन्दा ठूलो थियो। त्यहाँ एलेन्डे परिवारको समाधिस्थल रहेको छ र त्यालीमा वामपन्थी पूर्वराष्ट्रपति गाब्रियल बोरिक पनि सहभागी हुनुभयो ।

राष्ट्रपति भवन 'ला मोनेडा प्यालेस' तथा 'नेशनल स्टेडियम'मा पनि स्मृति कार्यक्रम आयोजना गरिए । पिनोचेको शासनकालमा नेशनल स्टेडियमलाई बन्दी बनाउने र यातना दिने स्थलका रूपमा प्रयोग गरिएको थियो ।

# मेस्सीको गोलमा पनि रोकियो मियामी



**टुडे समाचारदाता**

काठमाण्डु । लियोनल मेस्सीले दोस्रो हाफमा गोल गरे पनि नासभिल एससीले इन्ज्युरी समयमा गोल फर्काएपछि इन्टर मियामी २-२ को बराबरीमा रोकिएको छ।

बराबरीसँगै नासभिलले इस्टर्न कन्फरेन्सको शीर्ष स्थानमा मियामीमाथि ९ अंकको अग्रता कायम राखेको छ।

मेस्सीले ६२औँ मिनेटमा गोल गर्दै मियामीलाई जिततर्फ अघि बढाए। अर्जेन्टिनाका लामो समयदेखिका सहकर्मी रोड्रिगो डी पाउलसँग पास आदानप्रदान गरेपछि मेस्सीले करिब २० यार्ड टाढाबाट बायाँ खुट्टाले प्रहार गर्दै गोल गरे।

त्यसअघि नासभिलले खेल सुरु भएको चौथो मिनेटमै साम सुरिजको गोलमार्फत अग्रता लियो । मियामीले १९औँ मिनेटमा बराबरी गर्‍यो । मेस्सीले प्रहार गरेको कर्नर नासभिलका डिफेन्डर रिड बेकर-ह्वाइटिङको टाउकोमा लाग्दै आफ्नै पोस्टमा छिरेपछि मियामीले आत्मघाती गोलबाट बराबरी गरेको हो।

मेस्सीले २७औँ मिनेटमा पेनाल्टी क्षेत्रबाहिरबाट गरेको प्रहार नासभिलका खेलाडीले रोके। त्यसपछि उनले फ्रिकिक पनि पोस्टको दिशाबाट बाहिर प्रहार गरे।

दोस्रो हाफमा गोल गरेपछि मेस्सीले मियामीको अग्रता थप बलियो बनाउने दुई उत्कृष्ट अवसर पाए। तर पहिलो प्रयासमा नासभिलका गोलरक्षक ब्रायन स्वाकेको बचाउले बल पोस्टमा लाग्यो भने अर्को अवसरमा डिफेन्डर जेइसन पालासियोसले अन्तिम समयमा हेडमार्फत बल क्लियर गरे।

मियामीले अग्रता जोगाउन नसक्दा इन्ज्युरी समयको पहिलो मिनेटमै नासभिलका सुरिजले पुनः गोल गर्दै खेल २-२ को बराबरीमा ल्याए। बराबरीपछि पनि डी पाउलले मियामीलाई जित दिलाउने अवसर पाएका थिए, तर उनको प्रहार पोस्टको बाहिरी भागमा लागेर फर्कियो।

यो सिजन एमएलएसमा घरेलु मैदानमा अग्रता लिएर पनि मियामीले ११ अंक गुमाइसकेको छ।

शनिबारको बराबरी मियामीका लागि महँगो पर्न सक्नेछ। अब नियमित सिजनमा ९ खेल बाँकी रहँदा इस्टर्न कन्फरेन्सको शीर्ष वरीयता र सपोर्टर्स' शिल्डको दौडमा मियामी नासभिलभन्दा ९ अंकले पछाडि छ।

सन् २०२० मा मियामीसँगै विस्तार टोलीका रूपमा एमएलएसमा प्रवेश गरेको नासभिल पहिलोपटक सपोर्टर्स' शिल्ड जित्ने बलियो अवस्थामा पुगेको छ।


क्रिस्टियन 'किली' गोन्जालेजले औपचारिक रूपमा प्रशिक्षकको जिम्मेवारी सम्हाल्न बाँकी रहेको मियामीले सबै प्रतियोगितामा पछिल्ला ९ खेलमा केवल एक जित निकालेको छ।

नासभिलविरुद्धको खेलमा मेस्सीले मियामीका लागि गोलसँगै धेरै अवसर सिर्जना गरेका थिए। दोस्रो हाफमा उनले पोस्ट र क्रसबारमा समेत प्रहार गरेका थिए। ३९ वर्षीय मेस्सीले यो सिजन एमएलएसमा आफ्नो गोलसंख्या १९ पुऱ्याइसकेका छन्।

नासभिलविरुद्ध मियामीको यो सिजनको चौथो खेल हो र चारै खेलमा नासभिल अपराजित रहेको छ । अगस्ट १५ मा भएको अघिल्लो एमएलएस भेटमा नासभिलले मियामीलाई ४-१ ले हराएको थियो । यसै सिजन नासभिलले कन्काकाफ च्याम्पियन्स कपबाट पनि मियामीलाई बाहिर पठाएको थियो।

# मध्यपूर्वमा तनाव बढ्दा साउदी अरबको सुरक्षा चुनौती गहिरिँदै

एएफपी । इरान र उसका क्षेत्रीय सहयोगीहरूबाट बढ्दो सुरक्षा चुनौतीको सामना गरिरहेको साउदी अरबका लागि पछिल्लो अवस्था थप जटिल बन्दै गएको छ । इरानसँग सम्बन्धित क्षेत्रीय समूहहरूको गतिविधि बढ्दै जाँदा साउदी अरबको ऊर्जा पूर्वाधार र विश्व बजारमा तेल तथा ग्यासको आपूर्तिमाथि पनि दबाब बढेको छ। इराकी मिलिसियामाथि आरोप लगाइएका ड्रोन आक्रमणका कारण एउटा प्रमुख तेल पाइपलाइन बन्द गर्नुपरेको छ भने इरानले होर्मुज जलडमरूमध्यमा पनि निरन्तर अवरोध सिर्जना गरिरहेको छ।



यी घटनाक्रमले विश्वव्यापी ऊर्जा बजारमा समेत चिन्ता बढाएको छ। लाल सागरको महत्वपूर्ण समुद्री मार्गमा देखिएको जोखिम, पाइपलाइन बन्द हुनु र होर्मुज जलडमरूमध्यमा जारी अवरोधका कारण अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य तथा आपूर्तिबारे अनिश्चितता बढेको छ।

विशेषगरी साउदी अरबका लागि अवस्था चुनौतीपूर्ण बनेको छ, किनभने उसको सबैभन्दा महत्वपूर्ण सहयोगी संयुक्त राज्य अमेरिकाको पछिल्लो नीतिलाई लिएर पनि अनिश्चितता देखिएको छ। आगामी अमेरिकी कंग्रेस निर्वाचनलाई ध्यानमा राख्दै ट्रम्प प्रशासनले पहिले नै विवादास्पद र लामो समयदेखि गतिरोधमा रहेको मध्यपूर्व युद्धलाई थप विस्तार गर्न नचाहेको आकलन गरिएको छ।

यसैबीच, हुथीहरूको पछिल्लो प्रगति र प्रमुख पाइपलाइन बन्द हुनुले इरानमाथि विश्वव्यापी आर्थिक दबाब बढाउने रणनीतिलाई पनि बल पुग्न सक्ने देखिएको छ । यद्यपि, होर्मुज जलडमरूमध्यमा इरानको प्रभाव केही कमजोर भएको अवस्थामा क्षेत्रीय शक्ति सन्तुलनमा समेत परिवर्तन देखिन थालेको छ।

बाब अल-मन्देब जलडमरूमध्य विश्व व्यापारका लागि अत्यन्त महत्वपूर्ण समुद्री मार्गमध्ये एक हो । यसको आसपासमा सुरक्षा जोखिम बढ्दा एसिया, युरोप तथा मध्यपूर्वबीचको समुद्री व्यापार र ऊर्जा आपूर्तिमा प्रत्यक्ष असर पर्न सक्ने चिन्ता छ।

## ब्रिक्स सम्मेलन :

# विश्व अर्थतन्त्र र भू-राजनीतिक तनावबीच सहकार्यको खोजी

एएफपी । चीन, रुस, भारतसहित ब्रिक्स सदस्य राष्ट्रका नेताहरूले आइतबार भारतको राजधानी नयाँ दिल्लीमा सम्मेलनको दोस्रो दिन विभिन्न अन्तर्राष्ट्रिय विषयमा छलफल गरेका छन् । नेताहरूले विश्वका आर्थिक विकास, व्यापार, ऊर्जा सुरक्षा र अन्तर्राष्ट्रिय सहकार्य लगायतका विषयमा छलफल गरेका हुन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले ब्रिक्स सदस्य राष्ट्रहरूबीच आपसी सहकार्यलाई थप बलियो बनाउनुपर्नेमा जोड दिनुभएको छ। उहाँले ब्रिक्स विश्व जनसंख्याको ठूलो हिस्सा र विश्व अर्थतन्त्रको महत्वपूर्ण भाग प्रतिनिधित्व गर्ने समूह भएको बताउनुभयो। मोदीका अनुसार ब्रिक्स राष्ट्रहरूले विश्वको करिब ५० प्रतिशत जनसंख्या, ४० प्रतिशत कुल गार्हस्थ्य उत्पादन (जीडीपी) र २५ प्रतिशतभन्दा बढी विश्व व्यापार प्रतिनिधित्व गर्छन् । चिनियाँ राष्ट्रपति सी जिनपिङ, रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र इरानी राष्ट्रपति मसुद पेजेस्कियानलगायत नेताहरू सहभागी सम्मेलनमा विश्वव्यापी आर्थिक वृद्धि र विभिन्न क्षेत्रीय द्वन्द्वका विषयमा छलफल भएको छ।



### समावेशी आर्थिक विकासमा जोड

मोदीले ब्रिक्सको मुख्य शक्ति सदस्य राष्ट्रहरूको विविधता र सहकार्यमा रहेको बताउनुभयो । फरक राजनीतिक, आर्थिक र सामाजिक अवस्था भएका देशहरू भए पनि साझा सहकार्यबाट सबैले लाभ लिन सक्ने उनको भनाइ थियो । उहाँले विश्व आर्थिक विकास केही देश वा क्षेत्रसम्म मात्र सीमित नभई सबै देश र जनतासम्म पुग्नुपर्ने बताउनुभयो।

ब्रिक्स सन् २००९ मा स्थापना भएको समूह हो। सुरुमा ब्राजिल, रुस, भारत र चीन यसमा थिए भने पछि दक्षिण अफ्रिका सदस्य बनेको थियो । पछिल्लो विस्तारसँगै इरान, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्सलगायत देश पनि समूहमा जोडिएका छन् । ब्रिक्सले पश्चिमी शक्तिको प्रभाव रहेका अन्तर्राष्ट्रिय संस्थाहरूमा विकासशील तथा उदीयमान अर्थतन्त्र भएका देशहरूको आवाज बलियो बनाउन खोज्दै आएको छ । विश्व अर्थतन्त्रमा आफ्नो प्रभाव बढाउँदै ब्रिक्सले व्यापार, ऊर्जा, वित्तीय सहकार्य र अन्तर्राष्ट्रिय राजनीतिक विषयमा साझा धारणा निर्माण गर्ने प्रयास गरिरहेको छ।

### मध्यपूर्वको बढ्दो तनावप्रति चिन्ता

सम्मेलनको पहिलो दिन भने मध्यपूर्वमा बढिरहेको द्वन्द्व र तनाव प्रमुख विषय बनेको थियो । ब्रिक्सका विदेशमन्त्रीहरू यसअघि मे महिनामा नयाँ दिल्लीमा संयुक्त वक्तव्य जारी गर्न असफल भएका थिए। मध्यपूर्वको युद्धबारे सदस्य राष्ट्रहरूको धारणा फरक भएपछि सहमति बन्न सकेको थिएन । तर यसपटक लामो कूटनीतिक प्रयासपछि ब्रिक्स नेताहरूले मध्यपूर्वको अवस्थाबारे संयुक्त धारणा सार्वजनिक गरेका छन्। संयुक्त वक्तव्यमा मध्यपूर्व तथा पश्चिम एसियामा बढ्दो तनावप्रति गम्भीर चिन्ता व्यक्त गर्दै सम्बन्धित सबै पक्षलाई 'अधिकतम संयमता' अपनाउन आग्रह गरिएको छ। भारतले इरान र अमेरिकाको सहयोगी इजरायल दुवैसँग सम्बन्ध कायम राख्दै आएको छ। त्यसैले नयाँ दिल्लीले मध्यपूर्वको विषयमा सन्तुलित कूटनीतिक नीति अपनाउँदै आएको छ।

### रूससाग भारतको ऊर्जा सहकार्य

मध्यपूर्वमा द्वन्द्व बढ्दा विश्वव्यापी ऊर्जा आपूर्तिमा समेत असर पर्ने चिन्ता छ। यस्तो अवस्थामा भारतले रुससँगको ऊर्जा सहकार्यलाई निरन्तरता दिएको छ । रुसमाथि युक्रेन युद्धका कारण अमेरिका र अन्य पश्चिमी देशहरूले दबाब तथा प्रतिबन्ध लगाउँदै आए पनि भारतले आफ्नो ऊर्जा आवश्यकता पूरा गर्न रुसबाट तेललगायत ऊर्जा स्रोत खरिद गर्दै आएको छ। यस विषयमा भारतले आफ्नो राष्ट्रिय हित र ऊर्जा सुरक्षालाई प्राथमिकता दिँदै स्वतन्त्र विदेश नीति अपनाएको बताउँदै आएको छ।

### सीको भारत भ्रमणलाई महत्वपूर्ण मानियो

ब्रिक्स सम्मेलनका क्रममा चिनियाँ राष्ट्रपति सी जिनपिङ र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच भएको भेटलाई पनि विशेष महत्वका साथ हेरिएको छ । सन् २०१९ पछि सीको यो पहिलो भारत भ्रमण हो । चीन र भारतबीच लामो समयदेखि सीमा विवाद तथा रणनीतिक प्रतिस्पर्धा रहेकाले उनको भ्रमणलाई दुई देशबीचको सम्बन्ध सुधारतर्फको महत्वपूर्ण कदम मानिएको छ। मोदीसँगको भेटमा सीले चीन र भारतबीच धेरै विषयमा फरक धारणा भए पनि दुवै देशले एकअर्काको क्षमता र अनुभवबाट लाभ लिन सक्ने बताउनुभयो। उहाँले दुई देशले आपसी सहयोग बढाउँदै साझा विकासतर्फ अघि बढ्नुपर्ने धारणा राख्नुभयो।

> मोदीले ब्रिक्सको मुख्य शक्ति सदस्य राष्ट्रहरूको विविधता र सहकार्यमा रहेको बताउनुभयो । फरक राजनीतिक, आर्थिक र सामाजिक अवस्था भएका देशहरू भए पनि साझा सहकार्यबाट सबैले लाभ लिन सक्ने उनको भनाइ थियो । उहाँले विश्व आर्थिक विकास केही देश वा क्षेत्रसम्म मात्र सीमित नभई सबै देश र जनतासम्म पुग्नुपर्ने बताउनुभयो ।

### सीमा विवाद अझै समाधान भएको छैन

चीन र भारतबीचको मुख्य विवादमध्ये एक सीमा विवाद हो। दुवै देशबीच करिब तीन हजार ५०० किलोमिटर लामो उच्च हिमाली सीमा रहेको छ । सन् २०२० मा विवादित सीमाक्षेत्रमा चीन र भारतका सैनिकबीच भएको हिंसात्मक झडपपछि दुई देशबीचको सम्बन्ध थप तनावपूर्ण बनेको थियो । त्यसयता दुवै पक्षले सीमाक्षेत्रमा ठूलो संख्यामा सैनिक तथा सैन्य उपकरण तैनाथ गरेका छन् । यद्यपि पछिल्लो समय दुवै देशले सम्बन्ध सुधारका लागि विभिन्न कदम चालेका छन्। हवाई उडान, भिसा सेवा र उच्चस्तरीय भेटघाट पुनः बढ्न थालेका छन्। भारतीय विदेश मन्त्रालयका अनुसार मोदी र सीले सीमा विवादको निष्पक्ष, उचित र दुवै पक्षलाई स्वीकार्य समाधान खोज्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

### व्यापार घाटा र रणनीतिक प्रतिस्पर्धा चुनौती

सम्बन्ध सुधारको प्रयास भए पनि चीन र भारतबीच अझै ठूलो अविश्वास कायम छ । भारतले चीनसँग ठूलो व्यापार घाटा व्यहोर्दै आएको छ। साथै, एसियामा दुवै देशको बढ्दो आर्थिक तथा रणनीतिक प्रभावका कारण प्रतिस्पर्धा पनि तीव्र छ। सीले दुई देशले उच्चस्तरीय वित्तीय सहकार्य बढाउन, समान तथा दिगो विश्व व्यवस्था निर्माण गर्न र खुला एवं समावेशी विश्व अर्थतन्त्रलाई अघि बढाउनुपर्ने बताउनुभयो।

### ब्रिक्सको बढ्दो विश्वव्यापी भूमिका

यस सम्मेलनले ब्रिक्स अब केवल आर्थिक सहकार्यको समूह नभई विश्व राजनीति र अन्तर्राष्ट्रिय व्यवस्थामा प्रभाव पार्ने महत्वपूर्ण मञ्चका रूपमा अघि बढिरहेको संकेत गरेको छ । मध्यपूर्वको द्वन्द्व, रुस-युक्रेन युद्ध, ऊर्जा सुरक्षा, व्यापार अस्थिरता र विश्व अर्थतन्त्रजस्ता विषयमा ब्रिक्स राष्ट्रहरूले आफ्नो साझा प्रभाव बढाउने प्रयास गरिरहेका छन् । भारतले सम्मेलनको नेतृत्व गर्दै विकासशील देशहरूको आवाज बलियो बनाउन तथा विश्व अर्थतन्त्रलाई थप समावेशी बनाउन ब्रिक्सले महत्वपूर्ण भूमिका खेल्नुपर्नेमा जोड दिएको छ। नयाँ दिल्लीमा भइरहेको ब्रिक्स सम्मेलनमा आर्थिक सहकार्यसँगै विश्वव्यापी द्वन्द्व, ऊर्जा सुरक्षा, व्यापार र चीन-भारत सम्बन्ध मुख्य विषयका रूपमा देखिएका छन्।

# होर्मुजमा जहाजमाथि आक्रमण, एकको मृत्यु र तीन घाइते



एएफपी । इरान र अमेरिकाबीच रणनीतिक 'स्ट्रेट अफ होर्मुज'लाई लिएर तनाव बढिरहेका बेला आइतबार उक्त क्षेत्रमा एउटा व्यापारिक जहाजमाथि आक्रमण हुँदा एक जनाको मृत्यु र तीन जना घाइते भएको इरानी अधिकारीले बताएका छन् ।

केश्म सहरका गभर्नर अमिर तेमुरीका अनुसार हेङ्गाम र केश्म टापुको तटीय क्षेत्रमा स्थानीय समयअनुसार बिहान करिब ५:०० बजे जहाजमाथि आक्रमण भएको थियो ।

"एउटा व्यापारिक जहाजमाथि आक्रमण हुँदा एक जनाको मृत्यु भयो र अन्य तीन जना घाइते भए", तेमुरीले सरकारी टेलिभिजनमार्फत बताउनुभयो ।

आक्रमण कसले वा कुन पक्षले गरेको भन्नेबारे भने उहाँले स्पष्ट जानकारी दिनुभएन ।स्ट्रेट अफ होर्मुजको सबैभन्दा ठूलो टापु केश्म वरपर रातभरि धेरै विस्फोट भएको खबरसमेत प्राप्त भएको थियो ।

विश्वव्यापी तेल तथा ग्यास आपूर्तिका लागि महत्वपूर्ण मानिने स्ट्रेट अफ होर्मुज हाल अवरुद्ध अवस्थामा रहेको छ । यसै विषयमा छलफल गर्न इरान र खाडी मुलुकहरूबीच ओमानमा बैठक बस्नुभन्दा एक दिनअघि उक्त घातक घटना भएको हो ।

इरान र अमेरिकाबीच करिब छ महिनादेखि जारी द्वन्द्वमा स्ट्रेट अफ होर्मुजमाथिको नियन्त्रण प्रमुख विवादको विषय बनेको छ। फेब्रुअरी २८ मा अमेरिका र इजरायलले गरेको सैन्य कारबाहीपछि जवाफमा इरानले जलसन्धि अवरुद्ध गरेको बताइएको छ । त्यसअघि यो जलमार्गबाट जहाजहरू स्वतन्त्र रूपमा आवतजावत गर्दै आएका थिए।

इरानले सुरक्षा र सार्वभौमिकताको कारण देखाउँदै होर्मुजबाट आवतजावत गर्ने जहाजले अनुमति लिनुपर्ने व्यवस्था लागू गरेको छ। साथै, जहाजबाट सेवा शुल्क लिने संयन्त्रबारे पनि विचार गरिरहेको बताइएको छ।

इरानी नियम पालना नगर्ने जहाजहरूलाई आक्रमणको जोखिम हुने गरेको छ भने अमेरिकाले पनि होर्मुजमाथि तेहरानको नियन्त्रणलाई चुनौती दिने उद्देश्यले इरानी तटीय क्षेत्रमा छिटपुट हवाई आक्रमण गर्दै आएको छ।

## सुदूरपश्चिममा जडीबुटीः

# न प्रशोधन केन्द्र, न त औषधि उद्योग नै



सुदूरपश्चिम । "सुदूरपश्चिम जडिबुटीको भण्डार नै हो । प्रदेशमा करिब छ हजार २७१ मेट्रिक टन जडीबुटी सङ्कलन गर्ने सम्भावना छ, जबकि गत आर्थिक वर्षमा नेपालकै कुल जडीबुटी निर्यात पाँच हजार ५२६ मेट्रिक टन मात्र थियो", नेपाल सरकार व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको प्रतिवेदन २०८१ मा भनिएको छ, "यसरी एक वर्षमा निर्यात भएको जडीबुटीको औसत मूल्यलाई आधार मान्ने हो भने पनि सुदूरपश्चिम प्रदेशमा वार्षिक रूपमा रु एक अर्ब २४ करोडको जडीबुटी निकासी गर्न सकिने सम्भावना देखिन्छ ।"

सम्भावनाको यो तथ्याङ्क प्रदेशका नीति निर्माता र राजनीतिक नेतृत्वका लागि नयाँ होइन, तर सङ्घीयता कार्यान्वयन भएको करिब नौ वर्ष पुग्दा पनि प्रदेशमा न आयुर्वेद औषधि उत्पादन उद्योग स्थापना भएको छ, न जडीबुटी प्रशोधन केन्द्र । यहाँसम्मकी जडीबुटी प्रशोधन र औषधि उत्पादनका लागि आवश्यक बृहत् सम्भाव्यता अध्ययनसमेत हुनसकेको छैन ।

आयुर्वेद क्षेत्रका जानकारहरूले भाषण, दस्तावेज र नीति बहसमा यहाँका अधिकांश नेता तथा जनप्रतिनिधिले सम्भावनाको कुरा गरे पनि अवसर आएको बेला कार्यान्वयनमा चासो नदेखाएको आरोप लगाउँदै आएका छन् । आफूहरूले सम्भावनाको उपयोग कसरी गर्ने भनेर सुझाउँदै आए पनि हालसम्म त्यसको सुनुवाइ नभएको उनीहरूको गुनासो छ ।

सरकारी आँकडामै सुदूरपश्चिमको बझाङ जिल्लाबाट मात्रै करिब १७ लाख ५५ हजार ३१५ किलो, डोटीबाट आठ लाख ६५ हजार ५००, दार्चुलाबाट सात लाख ७४ हजार ५४, अछामबाट छ लाख ८७ हजार ३००, बाजुराबाट छ लाख छ हजार १९८, डडेल्धुराबाट पाँच लाख ८४ हजार किलो, कैलालीबाट पाँच लाख ८४ हजार, बैतडीमा तीन लाख ४७ हजार ७७० र कञ्चनपुरबाट ७० हजार किलो जडीबुटी सङ्कलनको सम्भावना देखाइएको छ । यद्यपि, यसको नियमित अद्यावधिक भइरहेको छैन ।

"प्रदेशका जङ्गलमा जडीबुटी छ, बजारमा माग छ र प्रदेशभित्रै औषधिको खपत पनि ठूलो छ भन्नेमा सबै जानकार छौँ । तथापि, जडीबुटीलाई औषधिको बट्टामा रूपान्तरण गर्ने उद्योग भने अझै प्रदेशको प्राथमिकतामा परेको छैन", यस क्षेत्रका व्यवसायीहरूले विगतदेखि नै भन्दै आउनुभएको छ । प्रदेशका हिमाली जिल्लाबाट सङ्कलित यार्सागुम्बा, पाँचऔँले, कुटकी, चिराइतो, सुगन्धवाल र जटामसीदेखि तराईका कुरिलो, सर्पगन्धा, क्यामोमाइल, मेन्था, तेजपात र लेमनग्राससम्मका जडीबुटी बाहिरिन्छन् । ती जडीबुटी प्रशोधन भएर औषधि बनेपछि भने महँगो मूल्यमा पुनः प्रदेशमा भित्रिने गरेका छन् । सुदूरपश्चिम प्रादेशिक आयुर्वेद चिकित्सालय, धनगढीका निमित्त प्रमुख डा ओमप्रकाश कलौनी प्रदेशमा आवश्यक सानो परिणामको आयुर्वेद औषधि पनि अन्यत्रबाट किन्नुपर्ने अवस्था अन्त्य हुन नसकेको बताउनुहुन्छ । यसको अन्त्यका लागि अन्य प्रदेशमा जस्तै सुदूरपश्चिममा औषधि उत्पादन उद्योग सञ्चालन गरिनुपर्ने उहाँको जोड छ ।

सुदूरपश्चिमका नौ जिल्लामा रहेका प्रादेशिक आयुर्वेद चिकित्सालय, महाकाली आयुर्वेद औषधालय, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, स्थानीय नागरिक आरोग्य केन्द्र, निजी क्लिनिक र फार्मेसीको मागअनुसार वार्षिक करोडौँ रकमको आयुर्वेदिक औषधि खपत हुनसक्ने अनुमान रहेकाले आन्तरिक खपतका लागि पनि प्रदेशमै उद्योग स्थापना आवश्यक रहेको छ ।

"हाम्रै प्रदेशमा सम्भव भएका औषधि पनि बाहिरबाट ल्याउनुपरिरहेको छ । त्यसमा करिब रु २५ करोडभन्दा बढी बाहिरिइरहेको छ । कच्चा जडीबुटी बाहिर पठाउने र त्यही जडीबुटीबाट बनेका चूर्ण, वटी तथा अन्य औषधि खरिद गरेर ल्याउने चक्र वर्षौंदेखि दोहोरिँदै आएको छ । थारै लगानीमा यसलाई बदल्न सकिन्छ । त्यसका लागि नेतृत्वको इच्छाशक्तिको खाँचो छ", निमित्त प्रमुख डा कलौनीले भन्नुभयो ।

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको प्रतिवेदनअनुसार सन् २०१८ मा रु एक अर्ब ४४ करोड अमेरिकी डलर बराबरको जडीबुटी आयात भएको थियो । जडीबुटीको यो बजारलाई एकातिर नेपालले उपयोग गर्न सक्ने अवस्था विद्यमान छ भने अर्कातिर मूल्ययोगसहित नेपाली जडीबुटीको वस्तु र बजार विविधिकरण गर्न सक्ने सम्भावना पनि छ । सुदूरपश्चिममा उपलब्ध जडीबुटीलाई दिगो व्यवस्थापनको विधिबाट सङ्कलन गरी यस क्षेत्रलाई नेपालकै आयआर्जनको क्षेत्रका रूपमा विकास गर्न सकिने केन्द्रको निष्कर्ष छ ।

हाल प्रदेशमा एक प्रादेशिक आयुर्वेद चिकित्सालय, सात जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, एउटा आयुर्वेद औषधालय (महाकाली), ३३ वटा पालिकास्तरीय आयुर्वेद औषधालय र ५५ नागरिक आरोग्य सेवा केन्द्र (पालिका स्तरीय)ले अनुमानित करिब रु सात करोडको आयुर्वेदिक औषधि बाहिरबाट ल्याउनुपरिरहेको प्रादेशिक चिकित्सालयले जनाएको छ ।

जडीबुटीमा सम्भावनामात्रै नभइ उत्पादनको अभ्याससमेत सफल भइसकेको छ । प्रादेशिक आयुर्वेद चिकित्सालयले आर्थिक वर्ष २०८२/८३ मा करिब रु ३२ लाखबराबरका ३१ प्रकारका जडीबुटीजन्य कच्चा पदार्थ खरिद गरी त्यसबाट रु एक करोडभन्दा बढी बजार मूल्यका औषधि उत्पादन गरेको जनाएको छ ।

निमित्त प्रमुख डा कलौनीका अनुसार चिकित्सालयले निःशुल्क वितरणका लागि ३५ प्रकारका अत्यावश्यक औषधिसहित करिब रु एक करोड १६ लाखका औषधि खरिद गरेको छ भने सःशुल्क फार्मेसीबाट करिब रु एक करोडका औषधि बिक्री गरेको छ । "एउटा प्रादेशिक अस्पतालमै वार्षिक सवा दुई करोड रुपैयाँको औषधि खपत हुन्छ । बाँकी संस्थाहरूमा पनि त्यस्तै माग छ । राज्यले सुरुमा थोरै लगानी गरेमा आन्तरिक खपतका लागि औषधि उत्पादन गर्न सकिन्छ भन्ने उदाहरण हामीले पेस गरिसकेका छौँ", उहाँले भन्नुभयो ।

यहाँ पाइने जडीबुटीलाई कच्चा पदार्थका रूपमा बिक्री गर्नुभन्दा प्रशोधन गरी औषधि तथा हर्बल उत्पादन बनाउन सके उल्लेख्य मूल्य अभिवृद्धि गर्न सकिने जानकारहरू बताउँछन् । चिराइतो प्रशोधन गर्दा ३.५ देखि ४.५ गुणा, टिमुरबाट चारदेखि छ गुणा, तेजपात तथा दालचिनीबाट पाँचदेखि आठ गुणा र अमलाबाट १० गुणाभन्दा बढी मूल्य अभिवृद्धि गर्न सकिन्छ । पाषाणभेदबाट छदेखि नौ गुणा, रिठ्ठाबाट पाँचदेखि आठ गुणा, क्यामोमाइल तथा मेन्थाबाट १० देखि २० गुणा र गुर्जोबाट आठदेखि १२ गुणासम्म मूल्य बढाउन सकिने सम्भावना छ ।

किसानले प्रतिकिलो रु ४०-६५ मा बेच्ने ताजा अमलाबाट च्यवनप्राश, त्रिफला चूर्ण तथा क्याप्सुल बनाउन सकिन्छ । त्यस्तै, प्रतिकिलो रु २५-४० मा बिक्री हुने काँचो गुर्जोबाट बन्ने गुर्जो सत्वको मूल्य प्रतिकिलो रु चार हजारसम्म पुग्ने गरेको आयुर्वेद औषधि व्यवसायी ठक्कर बोगटी भनाइ छ ।

सुदूरपश्चिममा जडीबुटीको सम्भावना छ, तर त्यसलाई उत्पादन, सङ्कलन, प्रशोधन, औषधि निर्माण, गुणस्तर प्रमाणीकरण र बजार व्यवस्थापनसँग जोडेर एउटै मूल्य शृ‍ृला निर्माण हुनसकेको छैन । "सुदूरपश्चिमका बाटो-बाटोमा जडीबुटी छ, तर घाँस त हो नि भनेर हेला गर्ने नागरिक छौँ । यसको महत्व बुझाउन सरकारको पनि पर्याप्त ध्यान छैन", व्यवसायी बोगटीले भन्नुभयो, "पहिले केन्द्रलाई सरापेर बस्थ्यौँ, अब प्रदेश र स्थानीय सरकार छन् । मिलेर काम गर्नुपर्यो । सम्भावनाको मन्त्र जपेरमात्रै भएन ।"

त्यसका लागि सरकारले सहज रूपमा जडीबुटी खेती र त्यसको निकासी पैठारी गर्ने नीति बनाउन आवश्यक रहेको व्यवसायीहरूको भनाइ छ । व्यवसायी जयराज भट्ट निजी क्षेत्रले कानुनी झमेला र लगानीको सीमितताका कारण जडीबुटी प्रशोधन उद्योग सञ्चालन गर्न नसकेकाले प्रदेश तथा स्थानीय तहले उपयुक्त वातावरण बनाउन लाग्नुपर्ने सुझाव दिनुहुन्छ ।

"कोरोना महामारीपछि आयुर्वेद औषधिप्रति नागरिकको चासो बढेको छ । रासस

# मुस्ताङ भन्सारमा पन्ध्र दिनमै एक अर्ब ७८ करोड राजस्व

मुस्ताङ । नेपाल-चीन उत्तरी कोरलानाकास्थित लोमान्थाङ-४ न्हेचुङमा रहेको मुस्ताङ भन्सार कार्यालयबाट १५ दिनमै रु एक अर्ब ७८ करोड ४४ लाख राजस्व सङ्कलन भएको छ ।

रसुवाको भोटेकोशीमा गएको बाढीका कारण (रसुवागढी-केरुङ) नाका पूर्ण रूपमा बन्द भएसँगै मुस्ताङ भन्सार कार्यालयमा चीनबाट मालवस्तुको पैठारी ह्वात्तै बढेको छ । भन्सार प्रमुख बिदुर चुडालका अनुसार रसुवागढी-केरुङनाका र तातोपानीनाका पूर्ण रूपमा बन्द भएपछि मुस्ताङको कोरलानाकाबाट चिनियाँ मालवस्तु पैठारीको क्रम बढ्दो रहेको उल्लेख गर्नुभयो । शुक्रबारमात्रै मुस्ताङ भन्सार कार्यालयले एकैदिन रु २७ करोड ११ लाख राजस्व सङ्कलन गरेको छ । भदौ २२ पछि मुस्ताङ भन्सारबाट दैनिक औसत रु ३० करोड हाराहारीमा राजस्व सङ्कलन हुने गरेको प्रमुख चुडालको भनाइ छ ।

प्रमुख चुडालका अनुसार शुक्रबारमात्रै ७१ कन्टेनर र १०६ विद्युतीय सवारीसाधन (इभी) को भन्सार जाँचपास भई गन्तव्यतर्फ प्रस्थान गरेका छन् । रसुवागढीनाका बन्द भएको भदौ १० गतेपछि भदौ २५ गते शुक्रबारसम्म कोरलानाकाबाट नेपाल भित्रिएका ४३४ वटा कन्टेनर र ६४१ वटा विद्युतीय सवारीसाधनको छ । रासस

## Invitation for Bids

### Madhesh Institute of Health Sciences

**Janakpurdham, Dhanusha**

Invitation for Bids No: MIHS/NCB/GOODS/2083-84/02

**Date of Publication: 29 Bhadra 2083 (14 Sep. 2026)**

1. The Madhesh Institute of Health Sciences, Provincial Hospital, Janakpurdham invites sealed bids from eligible bidders for the Procurement,Supply and Delivery of Hospital Pharmacy Surgical Items under National competitive bidding – Single Stage Single Envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Madhesh Institute of Health Sciences, Provincial Hospital, Janakpurdham.
3. A complete set of Bidding Documents may be purchased from the office Madhesh Institute of Health Sciences, Provincial Hospital, Janakpurdham and the office Madhesh Institute of Health Sciences, Provincial Hospital, Janakpurdham by eligible Bidders on the submission of a written application and along with the copy of company/firm registration certificate till before 12:00 Noon on 05 Oct. 2026 during office hours.

   **Information to deposit the cost of bidding document in Bank:**

   **Name of the Bank:** Laxmi Sunrise Bank Ltd., Janakpurdham, Dhanusha

   **Name of Office :** Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha

   **Office Code no. :** 3700017022

   **Office Account no.:** 1681699536011101

   **Bid Fee (NRs):** 3000.00 **Rajaswa (revenue) Shirshak no. :** 14229
4. Sealed bids must be submitted to the office Madhesh Institute of Health Sciences, Provincial Hospital, Janakpurdham by hand before 12:00 Noon on ) 05 Oct. 2026. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM on 05 Oct. 2026 at the office of Madhesh Institute of Health Sciences, Janakpurdham. Bids must be valid for a period of 90 days from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NPR 1,30,000.00, which shall be valid for 30 days beyond the validity period of the bid (i.e 120 days)

   **Name of the Bank:** Laxmi Sunrise Bank Ltd., Janakpurdham, Dhanusha

   **Office Dharauti Account no.:** 1681699540011103
6. If the last date of purchasing and /or submission falls on a public holiday applicable to purchaser, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. The evaluation will be done on unit rate and the contract will be awarded to the bidder offering the Bid Price which is closest to the Average Bid Price AND is not substantially higher than the cost estimate shall be selected for awarding the contract of the individual commodities (Itemwise).
8. After Signing of Contract this rate shall be valid for One year and bidder must supply the goods as per approved rate there may be decrease or increase in quantity in contract period. Purchaser shall issue the multiple purchase order as per requirement in differents dates.

Registrar

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय चन्द्रपुर, रौतहटको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०५/२९ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक
दोस्रो पटक प्रकाशित मिति : २०८०/०८/२६ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति : २०८०/०६/०७ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८०/०३/०८ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी/धितोदाताहरुले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८०/०६/०७ र २०८०/०८/२६ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्दा कसैको पनि बोलपत्र प्राप्त हुन नआएकोले/प्राप्त बोलपत्रहरु स्विकारयोग्य नरेहेकोले अस्वीकृत गरिएकोले पुनः तेश्रो पटक यो १५ दिने सूचना प्रकाशित गरिएको छ । अतः तोकिएको समयावधिभित्र इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

### तपसिल

**ऋणीको विवरण**

रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ४ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा मिति २०७६/०५/०३ गते मा प्रा.फ.नं. ७६५१/२०२, स्थानिय/आयात निर्यात तथा आन्तरिक राजश्व कार्यालय, सिमरा र करदाता सेवा कार्यालय, गौरमा मिति २०७६/०५/०३ मा स्थायी लेखा नम्बर (PAN) ६११४९९१४५ अन्तर्गत दर्ता कायम भएको **चाँद फर्निचर एण्ड सप्लायर्स ।**

**प्रोप्राइटर : शेख मो. कलीमुल्लाह**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. शेख मजिदको नाति, शेख अब्दुल्लाहको छोरा, रौतहट जिल्ला, साविक कनकपुर गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ४ बस्ने **शेख मो. कलीमुल्लाह** (ना.प्र.नं. १६९७, जारी मिति २०६२/१०/१२, जि.प्र.का. रौतहट) । | २. शेख मजिदको बुहारी, शेख अब्दुल्लाहको पत्नी, रौतहट जिल्ला, साविक कनकपुर गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ४ बस्ने **मुनीजा खातुन** (ना.प्र.नं. १६६४, जारी मिति २०६१/१०/२५, जि.प्र.का. रौतहट) । |
| ३. शेख मजिदको नाति, शेख अब्दुल्लाहको छोरा, रौतहट जिल्ला, साविक कनकपुर गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ४ बस्ने **शेख एमामुल्लाह** (ना.प्र.नं. ११६४, जारी मिति २०५८/०९/१९, जि.प्र.का. रौतहट) । | ४. शेख मजिदको नाति, शेख अब्दुल्लाहको छोरा, रौतहट जिल्ला, साविक कनकपुर गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ४ बस्ने **शेष मजिवुल्लाह** (ना.प्र.नं. १९६, जारी मिति २०६१/०४/२०, जि.प्र.का. रौतहट) । |
| ५. शेख मजिदको नाति, शेख अब्दुल्लाहको छोरा, रौतहट जिल्ला, साविक कनकपुर गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ४ बस्ने **शेख मो. साहीद हुसैन** (ना.प्र.नं. ३२२०६३/३१४, जारी मिति २०७१/०५/०४, जि.प्र.का. रौतहट) । | ६. शेख मजिदको नाति, शेख अब्दुल्लाहको छोरा, रौतहट जिल्ला, साविक कनकपुर गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ४ बस्ने **शेख मोहमद समिम** (ना.प्र.नं. ३२२०६३/४८८९, जारी मिति २०६७/१०/०६, जि.प्र.का. रौतहट) । |
| ७. शेख मजिदको नाति, शेख अब्दुल्लाहको छोरा, रौतहट जिल्ला, साविक गुजरा गा.वि.स./न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ४ बस्ने **शेष मो. मोजफ्फर हुसेन** (ना.प्र.नं. ३२-०२-७५-०२६१५, जारी मिति २०७५/०५/३१, जि.प्र.का. रौतहट) । | ८. शेख अब्दुल्लाहको बुहारी, शेख मो. कलीमुल्लाहको पत्नी, रौतहट जिल्ला, साविक गौरामुनी गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ४ बस्ने **नसतैना खातुन** । |

**धितोको विवरण**

१. मुनीजा खातुन (ना.प्र.नं. १६६४, जारी मिति २०६१/१०/२५, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक कनकपुर गा.वि.स. वडा नं. ४ स्थित कि.नं. ७१३ र २४०५ को क्षेत्रफल क्रमशः ०-५-० र ०-१-० (वि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. मुनीजा खातुन (ना.प्र.नं. १६६४, जारी मिति २०६१/१०/२५, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक कनकपुर गा.वि.स. वडा नं. ३ नक्सा सिट नं. ३ ख स्थित कि.नं. ११०० को क्षेत्रफल ०-१-१०-६ (वि.क.धु.क.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
३. चाँद फर्निचर एण्ड सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आयप्रप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०६/१२ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय चन्द्रपुर, रौतहटमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०६/१३ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय चन्द्रपुर, रौतहटमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नुपर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माद्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शूल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय चन्द्रपुर, रौतहटमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : चन्द्रपुर, रौतहट
फोन नं. ०५५-५४०६३०
Website : www.siddharthabank.com

# आर्थिक चलखेलमा मापदण्ड पुरा नगरेका अस्पतालहरुलाई एकसय शैयाको इजाजत

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका तत्कालिन मन्त्री शत्रुध्न सिंह र कर्मचारीले आर्थिक मिलोमतोमा मापदण्ड नै पुरा नगरेका चार अस्पताललाई नवीकरण र स्तरोन्नतिको इजाजत दिएको खुलासा भएको छ ।

पोलिक्लीनीकको जति पनि मापदण्ड पूरा नगरेका अस्पतालहरुलाई एकसय शैयाको अनुमति दिइएको छ । प्रदेशका अस्पतालको नवीकरण र स्तरोन्नति प्रदेश स्वास्थ्य मन्त्रालयबाट सोभै गर्न नपाउने कानुनी ब्यवस्था छ । तर आर्थिक चलखेलमा ४ वटा अस्पतालको नवीकरण र स्तरोन्नति प्रदेशको स्वास्थ्य मन्त्रालयले दिइएको हो ।




मधेश प्रदेश स्वास्थ्य मन्त्रालयका तत्कालीन मन्त्री सिंह, निमित्त सचिव राजेशकुमार मिश्र, र जनस्वास्थ्य अधिकृत सन्तोषकुमार ठाकुरले सेटिङमा पोलिक्लीनीक जति पनि मापदण्ड पूरा नगरेका अस्पताललाई स्तरोन्नति र नवीकरण गर्ने निर्णय तथा चारवटै अस्पतालसँग दररेट मिलाउने कार्य जनस्वास्थ्य अधिकृत सन्तोषकुमार ठाकुरले गरेको आरोप छ ।

अनुगमनका नाममा भारा टार्ने काम गरी आर्थिक चलखेलमा ती अस्पतालको नवीकरण र स्तरोन्नतिको अनुमति दिइएको स्रोतको दाबी छ ।

बीरगंज महानगरपालिका-२५ मा रहेको ५० सैयाको स्पर्शमल्टी स्पेसियालिटी हस्पिटल प्रालि, धनुषाको नगराईन नगरपालिकास्थित मिथिला हस्पिटल प्रालि, धनुषाको लक्ष्मिनिया गाउँपालिकास्थित सेन्ट्रल हस्पीटल, बाराको जितपुर सिमरा २ स्थित एभरग्रिन तराई सिमरा अस्पताल प्रालिलाई एक सैयाको अस्पतालका लागि नवीकरण तथा स्तरोन्नतिको निर्णयसहितको इजाजत दिइएको हो ।

यी चारवटै अस्पतालको अनुगमन/निरीक्षण समितिका संयोजकमा डा विपीनकुमार झा रहेका छन् भने सदस्यहरुमा डा. साधना साह, छायाँ श्रीवास्तव र सदस्य सचिवमा जनस्वास्थ्य अधिकृत सन्तोषकुमार ठाकुर रहेका थिए । संयोजक झा र सदस्यसचिव ठाकुरबाहेक साह र श्रीवास्तव करारका कर्मचारी हुन् ।

करारका कर्मचारीलाई राखेर बनाइएको अनुगमन निरीक्षण समितिले चार वटै अस्पतालको मापदण्डका बारेमा दिएको प्रतिवेदनमा सबैको हस्ताक्षर छैन । स्पर्शमल्टी स्पेसियालिटी हस्पिटलको अनुगमन निरीक्षण प्रतिवेदनमा टोलीका चार सदस्यमध्ये छायाँ श्रीवास्तवले हस्ताक्षर नै गरेका कागजातमा देखिदैन । पछि सर्त पूरा गर्ने सर्तमा मापदण्ड पूरा नै नगरेका अस्पताललाई सेटिङमा नवीकरण र स्तरोन्नति गर्न अनुमति दिनका लागि अनुगमन समितिले २०८१ चैत ८ गते प्रदेश सचिवलाई सिफारिस गरिएको हो ।

ठाकुरसहितको टोलीले बीरगंज महानगरपालिकाको स्पर्शमल्टी स्पेसियालिटी हस्पिटल प्रालिको अनुगमन गरी अनुमतिका लागि पेश गरिएको प्रतिवेदन गरेको थियो । उक्त अस्पतालको अनुगमन निरीक्षण प्रतिवेदनमा यो पूरा गर्नुपर्ने उल्लेख गरी ५० सैयाको नवीकरण गरिएको छ भने १०० सैयाको संचालन अनुमति दिइएको भनिएको छ ।

स्पेसियालिटी हस्पिटलको अनुगमन निरीक्षण टोलीले प्रतिवेदनमा लेखेको छ- आईसीयु, एनआईसीयमु बेड र भेन्टिलेटरको अनुपात मिलाई व्यवस्थित रुपमा संचालन गर्नुपर्ने, प्रयोगशालाको क्षेत्रफल विस्तार गरी औजार उपकरण तथा जनसक्ति थप्नुपर्ने, सबै विभागमा कर्मचारी नेपाल सरकारले तोकेको मापदण्ड अनुसार व्यवस्था गर्नुपर्ने शर्त राखिएको छ ।

यस्तै हरेक-६ महिनामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको समितिद्वारा एमएसएस स्कोरिङ गराई सो को प्रतिवेदन यस मन्त्रालयमा पेश गर्ने र गरिब, असहाय, अपाङ्ग, जेष्ठनागरिक, दलित, जनजातिलाई १० प्रतिशत निःशुल्क उपचारको व्यवस्था गर्नुपर्ने लगायतका शर्त दिई उक्त अस्पतालको अनुगमन र निरीक्षण टोली पनि सेटिङमै बनाई मापदण्ड पूरा नगरे पनि पूरा गरेको प्रतिवेदन दिएर नवीकरण र स्तरोन्नतिको अनुमति दिइएको देखिन्छ ।

यस्तै मिथिला अस्पताललाई मेजर अप्रेसन थिएटर तथा माइनर अप्रेसन थिएटर ओटी थप ब्यवस्थित गर्नुपर्ने, आइसीयू र एनआईसीयुमा बेड र भेन्टिलेटरको अनुपात मिलाई ब्यवस्थित रुपमा संचालन गर्नुपर्ने मासिक प्रतिवेदन सम्बन्धित निकायमा एचएमआईएस सिष्टममार्फत् अनिवार्य रुपले प्रबिष्ट गर्नुपर्ने भन्ने शर्तमा २०८० माघ २५ गतेदेखि लागू हुनेगरी एकसय सैयाको मिथिला अस्पताल नवीकरणका लागि मधेश प्रदेश स्वास्थ्य मन्त्रालयका सचिवलाई सिफारिस गरिएको छ ।

यी अस्पतालको अनुगमन तथा निरीक्षण समितिमा डा. विपीनकुमार झा र सदस्य सचिवमा सन्तोषकुमार ठाकुर नै सदस्यसचिव रहेका छन । सदस्यमा एक जनामात्र डा. साधना साहलाई राखिएको छ ।

बीरगंजको स्पेसियालिटी हस्पिटलको अनुगमन निरीक्षण प्रतिवेदनमा हस्ताक्षर नगरेपछि छायाँ श्रीवास्तवलाई टोलीमै नराखी नवीकरण गर्न सिफारिस गरी प्रतिवेदन सचिवलाई बुझाइएको छ ।

जुन प्रतिवेदनमा सदस्य सचिव सन्तोषकुमार ठाकुरले नै हस्ताक्षर गरेका छैनन् । मिथिलामा अनुगमन गर्नका लागि २०८१ चैत २७ गते टोली गएको प्रतिवेदनमा उल्लेख छ । जुन प्रतिवेदनमा नै स्पष्टरुपमा मापदण्ड पूरा नभएको भए पनि हुनुपर्ने भन्दै सर्त राखेर नवीकरण गरिएको देखिन्छ ।

मिथिला अस्पतालको अनुगमन टोलीको प्रतिवेदनमा फोहोरमैला व्यवस्थापन फोहोरमैला व्यवस्थापन ऐन, २०६८ र फोहोर मैला व्यवस्थापन नियमावली, २०७० र स्वास्थ्य जन्य फोहरमैला निर्देशिका २०७७ बमोजिम गर्नुपर्ने, प्रयोगशालाको क्षेत्रफल विस्तार गरी औजार उपकरण तथा जनशक्ति थप्नुपर्ने , सवै विभागमा कर्मचारी नेपाल सरकारले तोकेको मापदण्ड अनुसार व्यवस्था गर्नुपर्ने लगायतका शर्त राखिएको छ ।

दन्त चिकित्सा, मानसिक रोग, फिजियोथेरापी तथा मानसिक रोग जस्ता बिशेषज्ञहरुको ओपीडीको ब्यवस्थापन लगायतका मापदण्ड पूरा नगरे पनि एकसय शैयाको तराई सिमरा हस्पिटल प्रालि नवीकरणका लागि सन्तोषकुमार ठाकुरले सिफारिस गरेको हो ।

सीएसएसडीलाई ब्यवस्थित गरी संचालन गर्ने तथा फोहोरमैला ब्यवस्थापन तोकिएबमोजिम नगरेको, जनशक्तिको ब्यवस्थापन प्रदेश स्वास्थ्य ऐन, २०७८को दफा २५ बमोजिम गर्नुपर्ने उल्लेख गरी अनुगमन टोलीले एभरग्रिन सिमरा हस्पिटलको नवीकरण गर्न सिफारिस गरिएको थियो ।

सेन्ट्रल हस्पिटललाई ६ महिनामा मापदण्ड पुरा गर्नुपर्ने शर्तमा एक सय शैयाको स्तरोन्नति गर्न टोलीले सिफारिस गरिएको थियो । अनुगमन समितिका सदस्य सचिव सन्तोषकुमार ठाकुरले चारवटै अस्पतालसँग दररेट असुली गरी मापदण्ड पूरा नगरे पनि नवीकरण र स्तरोन्नतिका लागि सिफारिस गरेका थिए । प्रदेश स्वास्थ्य निर्देशनालयबाट प्रक्रिया पूरा गरी अस्पतालको नवीकरण र स्तरोन्नति गर्नुपर्नेमा सिधै प्रदेश स्वास्थ्य मन्त्रालयबाट गरिएको थियो ।

## अपराधीलाई रास्वपाका सहमहामन्त्री ढकालले आफ्नो गाडीमा भगाए

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सहमहामन्त्री एवं सांसद हरि ढकालले अपराधीलाई सरंक्षण दिने कार्य गरिरहेको महोत्तरीमा घटित एक घटनाले देखाएको छ ।

ज्यान मार्ने उद्योग मुद्दाका आरोपी रास्वपा मनरासिस्वाका पूर्वअध्यक्ष रमण सिंहलाई प्रहरीले पक्राउ गर्न गएको बेला पार्टीका सह महामन्त्री ढकालले प्रहरीलाई चक्मा दिदै आफ्नो गाडीमा राखेर फरार गराएका छन् । हरि ढकालले आरोपितलाई गाडीमा लिएर भगाएको घटनाको सामाजिक सञ्चालमा रास्वपा पार्टीप्रति चर्को आलोचना भइरहेको छ ।

प्राप्त जानकारी अनुसार गत जेठ १७ गते मनराशिसवा नगरपालिकामा रास्वपाको नगर अधिवेशनको क्रममा दुई पक्षबीच भएको झडप रमण सिंह पक्षले गरेको आक्रमणमा तीन जना घाइते घाइते भएको थियो । घटनामा बथनाहाका २८ वर्षीय गोविन्द कुमार कापर, २५ वर्षीय अभिशेष झा र रविशंकर चौधरी घाइते भएको थियो ।

घटना पश्चात कापर पक्षले रमण सिंहविरुद्ध जिल्ला प्रहरी कार्यालयमा कर्तव्यज्यानको जाहेरी दिएका थिए । सो जाहेरीको आधारमा महोत्तरीको सदरमुकाम जलेश्वरस्थित जिल्ला समन्वय समितिको कार्यक्रममा पार्टीको आयोजित कार्यक्रमका बीच प्रहरीले पक्राउ गर्न गएको बेला सह महामन्त्री ढकालले आफ्नो गाडीमा राखेर त्यहाँबाट भगाएका हुन् ।

चितवन १ बाट सांसद रहेका ढकाल पार्टीको चलिरहेको लेखा परिक्षण कार्यक्रममा सहभागी हुन महोत्तरी पुगेका हुन । जिससमा लेखा परिक्षण कार्यक्रम नै भइरहेको बेला यो घटना भएको बताइएको छ ।

सहमहामन्त्री ढकालले सिंहलाई संरक्षण गर्न जिल्ला प्रशासन कार्यालय समेत पिडीत पक्षलाई छलफलका लागि बोलाई जाहेरी फिर्ता लिन दबाव दिएका थिए । तर पिडीत पक्षले मानेका थिएन ।

पिडीतको दबावपछि जिससमा आयोजित लेखा परीक्षण कार्यक्रमकै बेला प्रहरी टोली सिंहलाई पक्राउ त्यहाँ पुगेका थिए । तर सिंह पक्षका व्यक्तिहरुले नाराबाजी गर्दै प्रहरीलाई घेर्दै भित्र छिर्न दिएन । सोही क्रममा ढकालले सिंहलाई आफ्नो गाडीमा बसाएर त्यहाँबाट लगेका थिए ।

घटना बारे जिल्ला प्रहरी कार्यालय महोत्तरीले पनि पुष्टि गरेका छन् । जिप्रका महोत्तरी दिएको जानकारी अनुसार जेठ महिनातिर रास्वपा पार्टीको अधिवेशनको क्रममा पार्टीका दुई पक्षबीच झडप भएको क्रममा गोविन्द कापर भन्ने व्यक्ति घाइते भएका थिए । त्यसले दिएको जाहेरीको आधारमा पक्राउ पुर्जी जारी भएपछि प्रहरीले सिंहलाई पक्राउ गर्न गएको बेला केही व्यक्तिले हो हल्ला गर्दै त्यहाँबाट उनलाई भगाएको हो । हुनत प्रहरीले आफ्नो खोजतलाश जारी राखेको जिप्रका महोत्तरीले जनाएको छ ।

रास्वपाले आगामी महाधिवेशनको तयारीस्वरूप देशभर नगर अधिवेशन सञ्चालन गरिरहेको बेला सिंहले आफू नै पुनः नेतृत्व पाउने गरी निर्वाचनमा नजाने कुरा राखेपछि कापर पक्षले विरोध गर्दा विवाद बढदै झडपमा परिणत भएको थियो ।

## जनप्रतिनिधि बाँडफाँड नमिल्दा बटेश्वरको बजेट अलपत्र




**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको बटेश्वर गाउँपालिकाले आर्थिक वर्ष २०८३/८४ सुरु भएको दुई महिना बित्न लाग्दा पनि बजेट पारित गर्न सकेको छैन । गाउँपालिकाले गत १० असारमा चालु आर्थिक वर्षको बजेट प्रस्तुत गरे पनि जनप्रतिनिधिबीच बजेट भागबन्डामा कुरा नमिल्दा पारित गर्न नसकेको आरोप लाग्न थालेको छ ।

बटेश्वरमा एक वडाध्यक्ष बाहेक अध्यक्षदेखि वडासदस्यसम्म जनप्रतिनिधि नेपाली कांग्रेसबाट निर्वाचित छन् । कार्यकालको अन्तिम वर्षमा बढी बजेट पाउने स्वार्थको लडाइँले उनीहरूबीचकै बजेट बाँडफाँटको विवादले गाउँपालिकाको बजेट प्रक्रिया रोकिएको छ । बजेट पारित नहुँदा आर्थिक कारोबार ठप्प छ । कामकाज प्रभावित भएका छन् । बिग्रेको एम्बुलेन्स बनाउन पनि समस्या छ ।

२०७९ सालमा निर्वाचित जनप्रतिनिधिको कार्यकाल अब केही महिना मात्रै बाँकी छ । त्यसैले सकभर बढी बजेट आफ्नो पोल्टामा पार्ने होडमा जनप्रतिनिधि छन् । विगतमा वडाध्यक्षलाई करिब एक करोड रुपैयाँसम्म बजेटको सीमा निर्धारण गर्दिँदै आएको थियो । तर यसपटक नेपाल सरकारबाट समानीकरण अनुदानबापत ९ करोड रुपैयाँ मात्रै प्राप्त भएकाले बजेट बाँडफाँटमा समस्या भएको गाउँपालिका अध्यक्ष रामअशिष महतो स्वीकार्छन् ।

अध्यक्ष महतोले सुरुमा वडाका लागि ४० लाख रुपैयाँ सिलिङ तोकेका थिए । तर वडाध्यक्षहरूले भने विगतकै जस्तो एक करोड रुपैयाँ माग गर्दै आएका थिए । लामो छलफलपछि अहिले वडाका लागि ६५ लाख रुपैयाँ छुट्याउने सहमति भएको अध्यक्ष महतोले जानकारी दिएका छन् ।

## विविध कार्यक्रम गरी विश्व पर्यटन दिवस मनाइने

**टुडे समाचारदाता**

बर्दिबास । आगामी पर्यटन दिवस विविध कार्यक्रम गरी मनाउने निर्णय गरिएको छ । नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ, मधेश प्रदेशको आयोजनामा आइतवार बर्दिबासस्थित महासंघको कार्यालयमा बसेको बैठकबाट यस्तो निर्णय गरिएको हो ।

महासंघका अध्यक्ष हिरालाल गौतमको अध्यक्षता तथा मधेश प्रदेश सरकारको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव जयकुमार घिमिरेको प्रमुख आतिथ्यमा बैठक सम्पन्न भएको हो ।

नेपाल होटल तथा पर्यटन व्यवसायी महासङ्घ, होटल संघ नेपाल (हान) र नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) मधेश प्रदेशको सहभागितामा सम्पन्न बैठकले आगामी २७ सेप्टेम्बर २०२६ (विश्व पर्यटन दिवस) का अवसरमा प्रदेशभर विविध कार्यक्रम गरी दिवस मनाउने निर्णय गरेको हो ।

मिथिला नगरीलाई धार्मिक, सांस्कृतिक तथा वैवाहिक पर्यटनको आकर्षक गन्तव्यका रूपमा विकास गर्ने प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई प्राथमिकतामा राखेर यो दिवस मनाउन लागिएको महासंघका अध्यक्ष हिरालाल गौतमले जानकारी दिएका छन् । उनका अनुसार मन्त्रालय, हान र नाट्टासँगको सहकार्यमा मधेश प्रदेशका प्रत्येक जिल्लास्थित होटल तथा पर्यटन व्यवसायी संघले आ-आफ्नो क्षेत्रमा विविध कार्यक्रम आयोजना गर्नेछन् ।

कार्यक्रमका प्रमुख अतिथि एवम् मन्त्रालयका सचिव जयकुमार घिमिरेले पर्यटनको विकासविना 'समृद्ध मधेश' को यात्रा अधुरो रहने बताए । निजी क्षेत्र र सरकार मिलेर अघि बढेमा तोकिएको लक्ष्य हासिल गर्न सहज हुने उल्लेख गर्दै उहाँले प्रदेश सरकार मधेशको पर्यटन प्रवर्द्धनमा प्रतिबद्ध रहेको स्पष्ट पारे ।

बैठकमा दीगो पर्यटन विकासका लागि पर्यटन क्षेत्रका प्रतिनिधिहरूले आफ्ना सुझाव प्रस्तुत गर्दै दिवसलाई उद्देश्यमूलक ढङ्गले मनाउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

उक्त बैठकमा हानका केन्द्रीय सदस्य तथा महासंघका संरक्षक सल्लाहकार विजय झुनझुनवाला, नाट्टा मधेश प्रदेशका महासचिव सुदर्शन काफ्ले, हान मधेश प्रदेशका महासचिव दीपेन्द्र पराजुलीसहित महोत्तरी, धनुषा, सिरहा, सर्लाही, रौतहट, बारा र पर्साका जिल्ला अध्यक्षहरू तथा विभिन्न मन्त्रालयका शाखा अधिकृतहरूको उपस्थिति रहेको थियो ।

## प्रादेशिक विश्वविद्यालयलाई केन्द्रीय व्यवहार गर्नुपर्ने माग

**टुडे समाचारदाता**

राजविराज । मधेश कृषि विश्वविद्यालयले प्रादेशिक विश्वविद्यालयलाई केन्द्रीय विश्वविद्यालयसरह व्यवहार गर्नुपर्ने लगायतका विभिन्न माग राख्दै मधेश प्रदेशका माननीय शिक्षा तथा खेलकुद मन्त्रीसमक्ष ज्ञापनपत्र बुझाएको छ ।

मधेश कृषि विश्वविद्यालयका रजिस्ट्रार डा. भगवान ठाकुरले विश्वविद्यालयको तर्फबाट मन्त्रीसमक्ष ज्ञापनपत्र बुझाउँदै प्रादेशिक विश्वविद्यालयलाई केन्द्रीय विश्वविद्यालयसरह समान अवसर, सुविधा तथा व्यवहार गर्नुपर्ने माग राखेका हुन् । सो अवसरमा विश्वविद्यालयको तर्फबाट मन्त्रीलाई मायाको चिनोसहित सम्मानसमेत गरिएको थियो ।

ज्ञापनपत्रमा विश्वविद्यालय अनुदान आयोगलगायतका सम्बन्धित निकायबाट प्रादेशिक विश्वविद्यालयलाई आवश्यक नीतिगत, शैक्षिक तथा आर्थिक सहयोग र समन्वय उपलब्ध गराउनुपर्ने माग गरिएको छ। साथै, स्नातक तहमा विद्यार्थी भर्नाका लागि देशभर लागू हुने गरी एकीकृत प्रवेश परीक्षा प्रणालीको व्यवस्था गर्नुपर्ने विषयसमेत उठाइएको छ ।

त्यसैगरी, मधेश प्रदेशका विभिन्न स्थानमा सञ्चालन हुने वा स्थापना हुने कृषि कलेजहरूलाई एकरूपता, गुणस्तर र प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि मधेश कृषि



विश्वविद्यालयअन्तर्गत समावेश गर्नुपर्ने माग विश्वविद्यालयले अघि सारेको छ ।

यसैबीच, नेपाल पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरको आयोजनामा तथा शिक्षा समन्वय इकाइ सप्तरीको सहकार्यमा माध्यमिक तहसम्मको गुणस्तरीय शिक्षाका लागि पाठ्यक्रम सुधारसम्बन्धी छलफल कार्यक्रम पनि मधेश कृषि विश्वविद्यालयको कृषि महाविद्यालयको सभाहलमा सम्पन्न भएको छ । राजविराज नगरपालिकाका मेयर ईसरत प्रविणको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक, विद्वान्, शिक्षा विज्ञ तथा विद्यार्थीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा माध्यमिक तहसम्मको शिक्षालाई समयसापेक्ष, गुणस्तरीय र विद्यार्थीकेन्द्रित बनाउन पाठ्यक्रममा गर्नुपर्ने सुधारका विषयमा छलफल गरिएको थियो ।

सोही अवसरलाई विश्वविद्यालयले आफ्ना समसामयिक समस्या तथा चुनौतीहरू सम्बन्धित निकायसमक्ष राख्ने अवसरका रूपमा उपयोग गरेको थियो । विश्वविद्यालयमा पछिल्लो समय विद्यार्थी भर्ना न्यून हुनु तथा विश्वविद्यालय अनुदान आयोग, शिक्षा क्षेत्रलगायतबाट प्राप्त हुने केन्द्रीय सहयोगमा कमी महसुस भइरहेको विषयलाई समेत विश्वविद्यालयले गम्भीरतापूर्वक उठाएको जनाएको छ ।

कार्यक्रमका क्रममा विश्वविद्यालयका तर्फबाट सकरा भगवतीको तस्वीर मायाको चिनोका रूपमा प्रदान गर्दै मन्त्रीलाई माला तथा गमछा ओढाएर सम्मान गरिएको थियो। त्यसपछि रजिस्ट्रार डा. भगवान ठाकुरले विश्वविद्यालयका माग तथा समस्याहरू समेटिएको ज्ञापनपत्र औपचारिक रूपमा हस्तान्तरण गरेका थिए ।

ज्ञापनपत्र बुझाउने कार्यक्रममा मधेश कृषि विश्वविद्यालयका डीन, अनुसंधान निर्देशक तथा अन्य कर्मचारीको उपस्थित रहेको थियो ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८